छिटो र सर्वाधिक बिक्री हुने


मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

वर्ष २६ • अंक १३७ • २०८१ साल आश्विन १७ गते विहीबार (3 October, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आज घटस्थापना



### माता शैलपुत्रीको पुजा

वन्दे वाञ्छितलाभाय चन्द्रार्धकृतशेखराम् ।
वृषारूढां शूलधरां शैलपुत्रीं यशस्विनीम् ॥

**दूर्गा पुजा कलश (घट) स्थापना शुभ मुहूर्त**

३ अक्टोबर २०२४, विहीबार

मिथिलामा बिहान ११:२९ मिनेटदेखि बेलुका १२:१६ सम्म

**मुहूर्तको अवधि :**

बिहान ४७ मिनट

## प्रदेश सरकारद्वारा एक लाख राहतको घोषणा

# मधेश प्रदेशमा बाढी र डुबानबाट ८ जनाको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बाढी र डुबानबाट अहिलेसम्म ८ जना मृत्यु भएको छ । बाढीमा बगेका थप दुईजनाको शव भेटिएपछि अहिलेसम्म मृत्यु हुनेको संख्या ८ पुगेको मधेश प्रदेश प्रहरीले जनाएको छ ।

यसैबीच मधेश प्रदेश सरकारले प्रत्येक मृतक परिवारलाई एक लाख रुपैयाँ राहतस्वरुप सहयोग वितरण गर्ने मुख्यमन्त्री सतीश कुमार सिंहले घोषणा गरेका छन् ।

मधेशमा बाढी र डुबानका कारण एक जना अझै बेपत्ता रहेको मधेश प्रदेश प्रहरीले जनाएको छ भने बाढीका कारण ८ जना घाइतेको सामान्य उपचारपछि घर फर्काइएको मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुवासचन्द्र बोहोराले जानकारी दिए ।

उनले महोत्तरीमा २ जना र सप्तरीमा १ जना, सर्लाहीमा २ जना, पर्सामा १ जना र रौतहटमा १ बालिकासहित दुई जनागरी ८ जनाको मृत्यु भएको बताए ।

महोत्तरीको गौशाला नगरपालिका-८ स्थित कुरामारीका १६ वर्षीय रोहित साह, महोत्तरीको बर्दिवास नगरपालिका-११ खैरमाराका २१ वर्षीय मानबहादुर थिंग, सप्तरीको बलान बिहुल गाउँपालिका-४ घर भई राजविराज नगरपालिका-८ मा बस्दै आएका ८ वर्षीय प्रीन्सकुमार साह, रौतहटको दुर्गाभगवती गाउँपालिका-४ का ३७ वर्षीय राजकुमार मुखिया, रौतहटको पर्सोहा नगरपालिका-७ की १४ वर्षीया आशाकुमारी साह कानु, सर्लाहीको बलरा नगरपालिका-३ स्थित लक्ष्मीपुरका महावीर ठाकुरका १२ वर्षीय छोरा अंकित ठाकुर, सर्लाही-१ स्थित हथियोलका ३७ वर्षीय पवन गिरी तथा पर्साका सखुवाप्रसौनी गाउँपालिका-२ का विनोद दासका १७ वर्षीया छोरी राधिकाकुमारीको मृत्यु भएको मधेश प्रदेश प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रहरीका प्रहरी उपरीक्षक बोहोराले बाढीका कारण ९६ घरपरिवारका ४ सय ८८ जना विस्थापित भएका छन् भने बाढीमा फसेका ३५ जनालाई उद्धार गरिएको बताए ।

यता मुख्यमन्त्री सिंहले तीव्र वर्षाका कारण मधेशमा बाढी र डुबानजन्य विपत्‌बाट प्रभावित प्रदेशवासीलाई राहत पुऱ्याउन एकद्वार प्रणाली अवलम्बन गर्न प्रदेशका आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिए ।

उनले वर्षाका कारण बाढी र डुबानबाट प्रभावित वस्तीमा राहत तथा पुनर्स्थापना कार्यलाई समेत प्रभावकारीरुपमा व्यवस्थित बनाउन पालिकालाई पनि निर्देशन दिएका छन् ।







# तर्पण पिण्डदानका साथ पितृपक्ष विधिवत् समापन

महोत्तरी । बुधबार असोज कृष्ण औँसी अर्थात् पितृपक्षको अन्तिम दिन । यही असोज २ गतेदेखि प्रारम्भ भएको पितृपक्षको विधिवत् समापन हुँदै छ । साथै बुधबार औँसी श्राद्ध पनि गरिन्छ ।

पितृपक्षका १५ तिथि र आश्विन शुक्ल प्रतिपदाको एक दिन गरी सोह्र तिथिका दिनसम्म दिवङ्गत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरिने पितृपक्षलाई सोह्रश्राद्ध पनि भनिन्छ ।कुनै कारणवश यो पक्षका अरु तिथिमा गर्नुपर्ने श्राद्ध रोकिएको भए आज गर्नुपर्छ भन्ने शास्त्रीय मत छ । कुनै कारणवश रोकिए आज पनि गर्न नसकेमा आपत् धर्मअनुसार आश्विन शुक्ल प्रतिपदादेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय मान्यता छ ।



मिथिलाक्षेत्रमा पितृपक्षका बेला जलाशयमा गएर तर्पण दिने चलन छ । यसअनुसार आज महोत्तरी जिल्लाका धार्मिक महत्वका नदी, सरोवर र कुण्डहरुमा एकाबिहानै तर्पण दिनेहरु भरिभराउ छन् ।

पितृपक्ष सम्पन्न गर्न आज महोत्तरीका रातु, माण्डवीगङ्गा (मरहा) र बाँकेलगायतका नदी तट र धार्मिक महत्वका सरोवरहरुमा तर्पण गर्न पुगेका छन् । जलेश्वरका वरुण, पुरन्दर र भार्गव सरोवरमा तर्पण र महालय (पार्वण, पितृपक्षमा गरिने विशेष विधिको श्राद्ध) श्राद्ध गर्नेहरुलाई सङ्कल्प गराउन पुरोहितहरुलाई भ्याइनभ्याइ छ ।यसैगरी धमौरास्थित ध्रुवकुण्ड , मटिहानीस्थित लक्ष्मीसागर, भङ्गाहा–५ सिद्धपुरस्थित सिद्धनाथधाम र बर्दिबास–५ स्थित टुटेश्वरधाममा तर्पण दिने र श्राद्ध गर्ने पुगेका छन् ।

मिथिलामा असोज कृष्णपक्षका १५ तिथिभित्र १६ तिथि (पूर्णिमा तिथिको श्राद्ध असोज कृष्ण प्रतिपदा वा औँसीका दिन गरिनेसमेत १६) का श्राद्ध गरिने भएकाले यसलाई मैथिल बोलिचालीमा 'सोलहसराद' र 'पितरपक्ष' पनि भन्ने गरिन्छ । औँसीका दिन यसअघि रोकिएका श्राद्ध पनि गर्नसकिने हिन्दू मैथिल परम्पराको कर्मकाण्डीय विधान रहेको बर्दिबास–२ का बासिन्दा पुरोहित ब्राह्मण महेशकुमार झा बताउनुहुन्छ ।

दसैं, तिहार र छठजस्ता महान चाडवाडअघि पितृहरुलाई तृप्त गर्न एउटापक्ष भरि नै तर्पण र पिण्डदान गरेर श्राद्ध गर्ने परम्परा छ । वर्षका अन्यबेला गरिने गरिने शुभकार्य (विवाह, व्रतबन्ध, यज्ञयज्ञादि अघि नान्दीमुखी श्राद्ध गरेर कार्य निर्विघ्न सम्पन्न होसभन्ने गरिने कामनाजस्तै दसैं, तिहार र छठपर्वको मुखमा पितृहरुलाई तृप्त गर्न एकपक्ष नै छुट्याइएको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका कर्मकाण्डका शिक्षक शोभाकान्त झा बताउनुहुन्छ । पितृपक्षमा श्राद्ध गर्न नसक्नेले कात्तिक १ कार्तिककृष्ण औँसीमा श्राद्ध गर्नसक्ने धर्मसिन्धुलगायत ग्रन्थमा उल्लेख छ । चाडपर्व यज्ञयज्ञादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्परा अनुसार सोह्रश्राद्ध गर्ने चलन छ ।

पितृपक्षका बेलामा पितृलोकबाट दिवङ्गत पितृहरु पिण्ड, पानीको आशले मर्त्यलोकमा झर्छन् भन्ने हेमाद्रि, वीरमित्रोदय, निर्णयसिन्धुलगायत ग्रन्थमा उल्लेख छ । सोह्रश्राद्धमा श्राद्ध गर्नाले पितृऋणबाट मुक्ति भइन्छ भन्ने धार्मिक विश्वास छ । वैदिक सनातन हिन्दू धर्मावलम्बीले ठूला माङ्गलिक कार्य गर्नु अगाडि नान्दीमुखी श्राद्ध, देह त्याग गरेको तिथिमा गर्ने एकोद्दिष्ट श्राद्ध, सोह्र श्राद्धमा गर्ने पार्वण श्राद्ध, सोह्र श्राद्ध, औँसी तिथिमा मृत्यु भएका पुरुषको सम्झनामा गरिने पार्वण श्राद्ध, तीर्थमा गरिने तीर्थ श्राद्ध र बद्रीको ब्रह्मकपाल तीर्थमा गरिने ब्रह्म कपाली जस्ता श्राद्धहरु प्रचलित छन् ।पितृपक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने मान्यता पनि छ ।

बुधबार काठमाडौँ उपत्यकाको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया, नुवाकोट र रसुवाको सङ्गमस्थल बेत्रावती, देवघाट, त्रिवेणी लगायत तीर्थस्थलमा पनि पितृप्रति श्रद्धासाथ श्राद्ध गर्नेको भीड लाग्ने गरेको छ । पितृपक्षको समाप्तिसँगै आज विहिबारदेखि दुर्गापक्ष अर्थात् बडा दसैँ सुरु भएको छ ।रासस

# बाढीपहिरो र डुबानको असर परेन वीरगञ्जका दुवै भन्सार नाकामा

वीरगञ्ज । अविरल वर्षासँगै आएको बाढीपहिरो र डुबानको बाबजुत पनि वीरगञ्जका दुवै भन्सार नाका नियमित रुपमा सञ्चालन हुँदै आइरहेका छन् । पहिरोका असर मुलुकका प्रमुख राजमार्ग देखिँदा पनि यहाँका भन्सार कार्यालयमा भन्सार जाँचपासको प्रक्रिया भने अहिलेसम्म रोकिएका छैनन् ।

मुलुकको कुल आयातमध्ये वीरगञ्ज भन्सार कार्यालय मातहतको एकीकृत जाँचचौकी र सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट झन्डै आधा आयात हुने गर्छ तर अहिलेसम्म यी दुवै नाकामा निर्बाध रुपमा आयात-निर्यात भइरहेको छ ।



वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले बाढीपहिरोले राजमार्ग अवरुद्ध भए पनि भन्सार जाँचपासको प्रक्रिया रोकिने काम नभएको बताउनुभयो । "अहिलेसम्म राजमार्ग अवरुद्ध भएकै कारणले भन्दै व्यवसायीहरुले वस्तु तथा सामानको भन्सार जाँचपासको प्रक्रिया रोकेका छैनन," उहाँले भन्नुभयो, "राजमार्ग अवरुद्ध हुँदा भारतबाट आयात हुने समानमा समस्या हुने गरे पनि तेस्रो मुलुकबाट आयात हुने सामानमा कुनै समस्या देखिएको छैन ।"

प्रमुख भन्सार प्रशासक लामिछानेले सडक अवरुद्ध भएको कारणले भन्सार जाँसपास गरेका सामान गन्तव्यमा पुऱ्याउन पाइएन भन्ने खालका गुनासा अहिलेसम्म नआएको दाबी गर्नुभयो । "सडक अवरोध भएकै कारणले भन्सार जाँचपास गराउन सकिएन भन्ने खालका गुनासा आजका दिनसम्म आएका छैनन," उहाँले भन्नुभयो, "अहिले चितवन, हेटौँडा जाने मालवाहक सवारीसाधन नियमित चलेकाले पनि कुनै ठूलो समस्या देखिएको छैन ।"

वीरगञ्ज भन्सार नाका हुँदै करिब ६० प्रतिशत पेट्रोलियम पदार्थ र सवारीसाधन आयात हुनेगर्छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्षको असोज १५ गतेसम्मको अवधिमा ४३ अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा सो अवधिसम्म कुल लक्ष्यको ७४ दशमलव ४७ प्रतिशत अर्थात् ३२ अर्ब ५४ करोड ५५ लाख राजस्व सङ्कलन भइसकेको छ। असोज महिनामा मात्रै १७ अर्ब ४२ करोड लक्ष्य राखिएकामा छ अर्ब ९५ करोड राजस्व सङ्कलन भइसकेको छ। बाढीका कारणले वीरगञ्ज भन्सार कार्यालय मात्रै नभई सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयमा पनि कुनै असर नपारेको बताइएको छ ।

सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगञ्जका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले अविरल वर्षापछि पनि भन्सार जाँचपासको काम भने नरोकिएको बताउनुभयो । "अहिले पनि व्यवसायीहरुले दैनिकजसो भन्सार जाँचपासको प्रक्रिया अघि बढाइरहनुभएको छ", उहाँले भन्नुभयो, "अहिलेसम्म व्यवसायीले राजमार्ग अवरुद्ध भएर वस्तु तथा सामान लैजान अप्ठेरो भएको भन्ने गुनासो गर्नुभएको छैन ।"

प्रमुख भन्सार अधिकृत बरुवालले चाडपर्वको बेला भएकाले पनि व्यवसायीले जाँचपास गराउने काम धमाधम गरिरहेको बताउनुहुन्छ ।

"शनिबार बिदाको दिन भएकाले खासै भन्सार जाँचपासको काम हुँदैन । आइतबार र सोमबार भने भन्सार जाँचपासको काम सामान्य दिनको तुलनामा कमै भएको थियो," उहाँले भन्नुभयो, "मङ्गलबार भने भन्सार जाँचपासको काम भने धेरै नै भएकाले पनि राजस्व पनि बढ्यो ।"

प्रमुख भन्सार अधिकृत बरुवालले राजमार्ग अवरुद्ध भएर गाडी नपाउने समस्या भएको खण्डमा अबका केही दिनभित्रै भन्सार जाँचपासमा समस्या देखिन सक्ने दाबी गर्नुभयो । भन्सार विभागले सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई असोज महिनाका लागि मात्रै चार अर्ब ८३ करोड २० लाख ४८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ ।

तर असोज महिनाको १५ दिनको अवधिमा मासिक लक्ष्यको ४८ प्रतिशत राजस्व सङ्कलन गरिसकेको छ ।

"चालु आवमा विदेशी मदिराको आयातले राजस्व सङ्कलनमा ठूलो योगदान दिएको छ," उहाँले भन्नुभयो, "मङ्गलबार मात्रै ११ करोडभन्दा धेरै राजस्व मदिराजन्य पदार्थबाट सङ्कलन भएको छ ।"

सुक्खा बन्दरगाह कार्यालयले औसतमा दैनिक १५ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखे पनि अहिले औसतमा सरदर ११ देखि १२ करोडको हाराहारीमा सङ्कलन हुँदै आइरहेको छ । गत आर्थिक वर्ष २०८०/८१ कुल १५ खर्ब ९२ अर्ब आठ करोड मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो । कुल आयातमध्ये वीरगञ्ज भन्सार कार्यालयको योगदान ३४ दशमलव ३० प्रतिशत अर्थात् पाँच खर्ब ४५ अर्ब ४३ थियो ।

त्यस्तै, सुक्खा बन्दरगाह भन्सार कार्यालयको आयातको योगदान १२ दशमलव ७८ प्रतिशत अर्थात् दुई खर्ब तीन अर्ब ६३ करोड रहेको छ। कुल आयातमध्ये वीरगञ्जका दुई भन्सार कार्यालयबाट हुने आयातको हिस्सा भने ४७ दशमलव ०८ प्रतिशत रहेको छ ।रासस

# पर्सामा बने दुई अस्पताल, दुई अधुरै




वीरगञ्ज । सङ्घीय सरकारले पर्सामा चारवटा आधारभूत अस्पताल निर्माण गर्ने घोषणा गरेकामा हालसम्म दुई अस्पताल भवनमात्र निर्माण छन्भने दुईवटाको काम अधुरै छ ।

पटेर्वा सुगौली गाउँपालिकामा १० शय्याको आधारभूत अस्पताल सञ्चालनमा आइसकेको छभने र ठोरी गाउँपालिकामा १५ शय्याको अस्पताल भवन निर्माण सम्पन्न भएर रङरोगनको काम भइरहेको छ। पटेर्वा सुगौलीमा निर्माण भएको आधारभूत अस्पतालबाट सेवा प्रवाह भइरहेको छ ।

पटेर्वा सुगौली गाउँपालिकाका अध्यक्ष दिनेशकुमार चौधरीले निरन्तरकोपहलकदमीका कारणआधारभूत अस्पताल भवन निर्माण गरेर सेवा प्रवाह भएको बताउनुभयो ।ठोरी गाउँपालिकामा निर्माणाधीन १५ शय्याको आधारभूत अस्पताल भवनमा धमाधम रङरोगनको काम भइरहेको छ । उक्त गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले ठोरीको १५ शय्याको अस्पताल भवन निर्माण प्रायः पूरा भएको बताउनुभयो ।

पर्सामा निर्माण हुनुपर्ने अन्य दुई आधारभूत अस्पतालको काममा भने प्रगति भएको छैन । धोबिनी गाउँपालिकामा निर्माणाधीन १५ शय्याको आधारभूत अस्पताल निर्माणमा ढिलासुस्ती भएको छ । धोबिनी गाउँपालिकाका अध्यक्ष मदनप्रसाद चौहानले पालिकामा निर्माणाधीन आधारभूत अस्पतालको भौतिक प्रगति २५ प्रतिशत भएको बताउनुभयो । यसैगरी जिराभवानीमा निर्माणाधीन १० शय्याको अस्पतालको प्रगति पनि २० प्रतिशतभन्दा अधिक भएको छैन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले अघिल्लो कार्यकालमा २०७७ साल मङ्सिर १५ गते मुलुकभरका तीन सय ९६ वटा पालिकामा पाँचदेखि १५ शय्याको आधारभूत अस्पताल निर्माणको एकसाथ शिलान्यास गर्नुभएको थियो । त्यसबेला तीन सय ९६ वटा अस्पताल दुई वर्षभित्रै निर्माण सम्पन्न गर्न रु ५८ अर्ब बजेट लाग्ने बताइएको थियो ।

सरकारले सुरुमा १५ शय्याको अस्पतालका लागि रु १८ करोड छ लाख ८२ हजार, १० शय्याका लागि रु १० करोड ८३ लाख ३६ हजार र पाँच शय्याको अस्पतालको लागि रु सात करोड ११ लाख ९७ हजार लाग्ने बताएको थियो ।रासस

# हनुमाननगर-राजविराज सडक जीर्ण

राजविराज ।दसैं, तिहार जस्ता चाडबाड नजिकिँदै गर्दा जिल्लाको मुख्य सडकहरु मर्मत हुन सकेका छैनन् । हनुमाननगर-राजविराज सडक खण्ड जीर्ण हुँदा यात्रुहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

सदरमुकाम राजविराजदेखि पूर्व भारदहस्थित पूर्व-पश्चिम राजमार्गसँग जोडिने उक्त सडकमा ठूल्ठूला खाल्डो हुँदा सवारीसाधन आवतजावतमा समस्या भएको बस चालक बताउँछन् । मंसापुर भन्ने स्थानमा पाँच/छ वर्षदेखि सडकमा ठूल्ठूला खाल्डो हुँदा पनि सडक विभागले सडक मर्मत नगरेको स्थानीय शैलेन्द्र सिंहले बताउनुभयो ।



सडेपार र मंसापुरको बिचमा अवस्थित सडकमा रहेको खाल्डोका कारण सामान्य वर्षा हुँदा पनि पानी जमेर पोखरी बन्ने गर्छ । सप्तरीका प्रसिद्ध दुई शक्तिपीठ रहेकाले यही सडक भएर दसैँमा हजारौँ भक्तजन यात्रा गर्ने गर्छन् । भारदहस्थित कङ्कालिनी मन्दिर र राजविराजदेखि ११ किलोमिटर दक्षिणमा अवस्थित छिन्नमस्ता भगवती मन्दिरमा दसैँमा भीड लाग्ने गर्दछ ।

तर यिनै मन्दिर पुग्ने सडकको अवस्था नाजुक हुँदा आवतजावतमा समस्या भएको सवारी चालक रमेन यादव बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "राजविराजदेखि हनुमाननरसम्मको १४ किलोमिटर सडक गुणस्तरहीन भएकाले पुरै भत्किएर जीर्ण छ । सडकमै पोखरी छिचोल्दै गाडी चलाउनुपर्ने बाध्यता छ । कतिखेर गाडी पल्टिन्छ टुङ्गो हुन्न ।" खासगरी मोटरसाइकल, अटो, सिटी रिक्सालगायतका सवार ।साधन गुडाउन बढी जोखिम रहेको यात्रुहरु बताउँछन् । वर्षौँदेखि जीर्ण सडकका कारण धुलो उड्दा स्वास्थ्यमासमेत असर गरेको स्थानीयवासीको गुनासो छ ।रासस

# बलान नदी कटानले जोखिममा बस्ती

सिरहा । केही दिनअघिको वर्षाले सिरहामा भौतिक एवम् मानवीय क्षति नभए पनि नदी आसपासका सयौँ बिघा खेतीयोग्य जमिन कटान गरेको छ । यहाँको बलान नदीले तटबन्ध भत्काउँदा किनाराका बस्ती बगाउने त्रासमा स्थानीय छन् ।



सिरहा र सप्तरीको सिमाना भएर बग्ने बलान नदीको बाढीले तटबन्ध भत्काएर लहान–४ स्थित इस्लामपुरको बस्तीमा पसेको थियो । करिब तीन सय मिटर तटबन्ध भत्काएर बस्तीमा बाढी पसेपछि ३० घरपरिवार बिचल्लीमा परे । सयौँ बिघाको धानखेत क्षणभरमै सखाप भयो । "एक्कासि बाढी बस्तीमा पसेपछि ज्यान जोगाउन भागाभाग भयो," लहान–४ इस्लामपुरका बाढीपीडित मो सदरुर मियाँले भन्नुभयो, "नदीले तटबन्ध नै भत्काएछ ।"

मियाँको जस्तै समस्या लहान–२३ तिलेबोनाका गङ्गाप्रसाद यादवले पनि भोगिरहनुभएको छ । हरेक वर्ष बलान नदीले जमिन कटान गर्दा बस्ती बगाउने चिन्तामा रातदिन बस्नुपरेको उहाँले बताउनुभयो । "दशकौँदेखि गरिखाने जमिन आँखै अगाडि हेर्दाहेर्दै नदीले निलेको हेर्न विवश छौँ । यो नदीले हामीलाई रित्तो बनाइदियो, सबै सकियो । ओत लाग्ने घर पनि बाढीले कुन दिन बगाउने हो, टुङ्गो छैन", यादवले भन्नुभयो ।

बाढीले तिलेबोनामा मात्रै १० बिघा खेतीयोग्य जग्गासँगै आँपको बगान बगाएको छ । नदीले कटान गरी गाउँ नजिक पुगिसकेकाले तत्कालै नियन्त्रण नगरेमा दक्षिणी भेगका सखुवानान्कारकट्टी र भगवानपुर गाउँपालिका प्रभावित हुने स्थानीय बताउँछन् । "हिउँदमा चकमन्न भएर बग्ने बलान नदी वर्षातसँगै भेल बाढी मात्र बग्दैन, नदीकिनार बासिन्दाको आँसु पनि सँगै बग्छन्", सखुवानन्कारकट्टी गाउँपालिकाको–४ का हरिलाल यदवले भन्नुभयो । उहाँका अनुसार पछिल्लो दशकमा नदीले बसनपुरमा २२, भगवतीपुर मौजीमा ५१, सिम्राहा मौजीमा ८४ बिघा जमिन कटान गरिसकेको छ । सयौँ बिघा नम्बरी जग्गा बगर बनाएको छ । नदी सोझिएको बस्ती तर्फ लागेको यादव बताउनुहुन्छ ।

कुनै बेला जमिनदारको गाउँ भनेर कहलिने इटहर्वा, भगवानपुर, तिलेबोनालगायतका गाउँको परिचय अहिले मेटिएको छ । नदीले करिब १५ वर्षअघि धार परिवर्तन गरी बस्तीतिर सोझिएपछि विपद् सुरु भएको थियो । त्यसयता लहान नगरपालिकाको वडाअन्तर्गत ३, ४, ५, ९, १०, १९ र २३, सखुवानन्कारकट्टी गाउँपालिकाको ३ र ४ अन्तर्गत परिहारपुर, इटहर्वा, सिम्राहा, सखुवा, तिलेवोना तथा भगवानपुर गाउँपालिकाको १, ३ र ४ नम्बर वडाअन्तर्गत भगवानपुर, लालपुर, कल्याणपुर, सिनुरिया र मरिकटोल बाढी, डुबान र कटानको उच्च जोखिममा छन् । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय सिरहाका डिभिजन प्रमुख हसमत अन्सारीका अनुसार नदी नियन्त्रणको लागि पर्याप्त बजेट उपलब्ध छैन । उहाँले भन्नुभयो, "स्थानीय तह र प्रदेश सरकारबाट जे जति काम भएको छ, त्यो पर्याप्त छैन ।"

बलान नदी नियन्त्रणको लागि लहान नगरपालिकाले वडा नं २३ स्थित तिलेबोनामा अघिल्लो आवमा रु ५० लाख बढी खर्चेर करिब एक सय ५० मिटर तटबन्ध निर्माण गरेको थियो । गत आर्थिक वर्षमा मधेश प्रदेश सरकारबाट बलान नदी नियन्त्रणको लागि रु ९५ लाख खर्चेर करिब पाँच सय मिटर तटबन्ध निर्माण गरिएको थियो ।

लहान नगरप्रमुख महेशप्रसाद चौधरीले बलान नदी नियन्त्रणको लागि स्थानीय तहको प्रयासले मात्र नहुने भएकाले प्रदेश तथा सङ्घीय सरकारलाई सहयोगको आग्रह गर्नुभयो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
वर्ष २६ •अंक १३७ •२०८१ साल आश्विन १७ गते बिहीबार (3 October, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।–

# बोका बली शुल्क वृद्धिको सर्वत्र विरोध

**टुडे समाचारदाता**

जनकपुरधाम । धार्मिक आस्थाको केन्द्र राजदेवी मन्दिरमा वर्षेनि बोका बली प्रदान हुँदै आएको शुल्क वृद्धिको सन्दर्भमा सर्वत्र विरोध भइरहेको छ ।

केही वर्षदेखि प्रत्येक वर्ष विभिन्न नाममा हुँदै आएको प्रति बोका बलीका लागि निर्धारण गर्दै आएको शुल्कको विरोध भएपछि पनि सरोकारवाला मौन देखिएका छन् ।

सो बोका बलीको व्यवस्थापन गुठी संस्थानले गर्नुपर्ने भए पनि स्थानीय युवा क्लबको हस्तक्षेपका कारण मनोमानी बढ्दै गएको छ । जसको परिणाम स्वरुप प्रत्येक वर्ष बोका बलीको लागि छुट्याइने गरिएको सहयोग वापतको शुल्क वृद्धि गरिँदै आएको छ ।

विगत वर्ष झैँ यस वर्ष पनि राजदेवी मन्दिरको व्यवस्थापनमा लागेका महावीर युवा कमिटीले एक सय रुपैयाँ मूल्य वृद्धि गर्दै प्रत्येक बोका बली वापत यस वर्ष तीन सय रुपैयाँ शुल्क निर्धारण गरेको छ ।

महावीर युवा कमिटीका अध्यक्ष अजयकुमार गुप्ताले यसपटक थप एक सय रुपैयाँ वृद्धि गर्दै तीन सय रुपैयाँ प्रति बोका बली वापत शुल्क निर्धारण गरिएको जानकारी दिए ।

सो शुल्क वृद्धि गरिए लगत्तै स्थानीयवासीहरुले विरोध समेत गरिरहेका छन् ।

आर्थिक मन्दीको चपेटा र अर्कोतर्फ बाढी डुबानका कारण मधेश प्रदेशमा सर्वसाधारण सास्ती खेपिरहेको भन्दै धार्मिक आस्थामाथिसमेत शुल्क वृद्धि गरेर व्यापार गर्नु गलत रहेको सामाजिक संजालमा टिप्पणी हुन थालेको छ ।

केही वर्षदेखि एक सय रुपैयाँ लिँदै आएको प्रति बोका बली वापतको शुल्क विगत वर्ष दुई सय रुपैयाँ निर्धारण गरिएको थियो । त्यतिबेला स्थानीय युवाहरुले भने खासै विरोध गरेनन् । तर यस वर्ष आर्थिकमन्दी, बाढीपहिरो र डुबान तथा धार्मिक आस्थालाई देखाएर मुल्य वृद्धि गरेकोमा महावीर युवा कमिटीले निर्धारण गरेको शुल्कको चर्को विरोध भइरहेको छ ।

महावीर युवा कमिटीले बोका बली वापत तीन सय रुपैयाँ शुल्क निर्धारण गरेपछि सामाजिक संजाल फेसबुकमा प्राध्यापक श्यामसुन्दर शशीले चन्दा र बोकाबलीको शुल्कको रकमले भिआइपी र भिभिआइपीलाई खादा र माला लगाउनु ठिक नरहेको टिप्पणी गरेका छन् ।

त्यस्तै सुशील कर्णले समेत उनलाई समर्थन गर्दै भगवतीको भाकल पूरा गर्नका लागि पनि शुल्क वृद्धि भएको भन्दै सबैको ध्यानाकर्षण गर्दै सो शुल्क वृद्धि अबिलम्ब फिर्ता लिन माग गरेका छन् ।

तर महावीर युवा कमिटीका अध्यक्ष गुप्ताले भने, 'बोका वली प्रदानका लागि गर्नुपर्ने व्यवस्थापन, फोहोर, दुर्गन्धको व्यवस्थापन, राजदेवी माताको पूजाआजाको व्यवस्थापन, भीडभाड ताथ मेला व्यवस्थापन, सौन्दर्यकरण, बोकाबलीका लागि आउने गरेका भक्तजनहरुका लागि भोजनलगायतका विभिन्न व्यवस्थापनमा खर्च हुने गरेकाले प्रति बोका बली वापत ३ सय रुपैयाँ शुल्क निर्धारण गरिएको हो ।'

गत वर्ष झैँ यस वर्ष पनि राजदेवी मन्दिरको विभिन्न स्थानमा सिसिटिभी क्यामेरा जडान गरिएको छ । यस वर्ष विगत वर्ष झैँ युवा कमिटीहरुले प्रहरीसंग समन्वय गरी सुरक्षा व्यवस्थापन गर्ने उनले बताए ।

तर विगत वर्षमा महावीर युवा कमिटीले पूजा व्यवस्थापनमा खटिएका एक युवकले नै महिलाको सुनको गरगहना र केही थान बोकासमेत गायब गरेको भन्दै विवाद भएको थियो । चोरी गरेको आरोप लागेका र बोका समेत चोरेका स्वयंसेवकलाई भने प्रहरीले समेत केही नगर्दा स्थानीय भक्तजनलाई अझै पनि भगवतीको भक्तिको क्रममा चोरी हुने भन्दै चिन्ताले सताइरहेको छ ।












**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# वडा दशैं प्रारम्भ

नेपालीहरुको महान चाड वडा दशैं प्रारम्भ भएको छ। वडा दशैंको पहिलो दिन घटस्थापनाको तयारी पूरा भइसकेको छ। शक्तिपीठहरुको कलश र जमरा राखिनेसँगै घरघरमा समेत जमरा र कलश राखेर घटस्थापना गरिन्छ। घटस्थापना दशैंको पहिलो दिन हो। १० दिन सम्म चल्ने वडा दशैंको प्रारम्भ भएदेखि नै देशभरिबाट मानिसहरु घर फर्किने क्रम सुरु हुन्छ। खासगरी राजधानी काठमाण्डुबाट ठूलो संख्यामा मानिसहरु दशैंमा बाहिरिने गर्छन्। काम र अध्ययनका लागि काठमाण्डुमा रहेकाहरु दशैंमा घर फर्किने गर्छन्। नेपालमा सबैभन्दा लामो विदा दशैंमा नै हुन्छ। तराई मधेशका मानिसहरु पहिले दशैंको विदामा घर फर्केपछि छठ मनाएर नै काठमाण्डु फर्किने गर्थे। तर अहिले त्यो अवस्था छैन। दशैंको विदा सकिएपछि काठमाण्डु जाने गर्छन्। छठ र तिहार अब काठमाण्डुमै मनाउने गर्छन्। दशैं प्रारम्भ भइसकेकाले काठमाण्डु छाड्न मानिसहरुलाई हतार हुन थालेको छ। तर सवारी साधनको अभावले थुप्रै मानिसहरु अप्ठ्यारोमा परेका छन्। हालै काठमाण्डु लगायतका झण्डै ४२ जिल्लामा आएको प्रलयकारी वर्षा, बाढी र पहिरोले सडक मार्ग अवरुद्ध भएका छन्। कतिपय राजमार्गलाई सञ्चालनमा आउन महिनौ लाग्ने अवस्था छ। कतिपय राजमार्गमा अझै पनि पहिरो जाने क्रम रोकिएको छैन। बाढी र पहिरोबाट झण्डै साढे २ सय मानिसको ज्यान गइसकेको छ। कयौं बेपत्ता छन्। हजारौं परिवारको घर क्षतिग्रस्त भएको छ। यातायात सञ्चालन सहज नहुँदा काठमाण्डुबाट मानिसहरु बाहिरिन कठिन छ। हवाइसेवा र बस सेवाको भाडा पनि बढाइएको छ। विपत्मा परेका मानिसलाई सरकार समेत विभिन्न सेवा प्रदायक निकायहरुले राहत प्रदान गर्नु पर्ने हो। राजमार्ग क्षतिग्रस्त भएकाले बाध्य भइ मानिसहरु हवाइयात्रा गर्न चाहिरहेका छन्। तर उनीहरुले टिकट पाउनै कठिन छ। टिकट पाउने अवस्था आए पनि अति महँगो छ। विमान कम्पनीहरुले विपत्को बेला दोब्बर भन्दा भाडा बढी बढाएका छन्। घटस्थापनादेखि नै लागु हुने गरी बढाइएको भाडालाई सरकारले पुरानै भाडा दरमा कायम राख्न पहल गर्नुपर्छ। हवाइ इन्धनको भाउ पनि घटेको छ। तैपनि विमान कम्पनीहरुले भाडा बढाउन गरेको निर्णयबाट पछि हटेको छैन। यसमा सरकारले हस्तक्षेप गरी भाडालाई पूर्ववत नै कायम गराउनु पर्छ। विपत्को बेला दशैं तिहारमा हरेक वस्तु र सेवा सहज, सुलभ र सस्तो हुनुपर्छ। बजारमा खाद्य सामग्रीको मूल्य पनि अकाशिएको छ। त्यसलाई पनि सरकारले नियन्त्रण गर्नु पर्छ। वडा दशैंको प्रारम्भ भएको घटनास्थापनाको सबैमा हार्दिक शुभकामना।

# शैलपुत्री : माँ दुर्गाको पहिलो शक्ती

*वन्दे वांछितलाभाय चन्द्रार्धकृतशेखराम्।*
*वृषारूढां शूलधरां शैलपुत्रीं यशस्विनीम् ॥*

वडा दशैंमा दुर्गा भवानीको पहिलो पुजा माता शैलपुत्रीको रुपमा हुन्छ ।दूर्गा पुजालाई नवरात्रीपनि भनिन्छ ।दूर्गा भवानीको नौ स्वरुपको नौ दिन पुजा हुने क्रममा पहिलो दिन शैलपुत्रीको पुजा गरिन्छ ।वडा दशैंमा पहिलो दूर्गा शैलपुत्रीलाई मानिएको छ ।पर्वतराज हिमालय को घरमा पुत्रीको रूपमा उत्पन्न भएको कारण 'शैलपुत्री' नाम राखिएको धर्मशास्त्रहरुमा उल्लेख छ। नवरात्री पुजामा पहिलो दिन शैलपुत्रीको पूजा, उपासना गरिन्छ। प्रथम दिन को उपासनामा योगी आफ्नो मनलाई 'मूलाधार' चक्रमा केन्द्रित गर्छन्। यहाँबाट नै योग साधना प्रारंभ हुन्छ। वृषभ स्थित माता शैलपुत्रीको दाहिने हाथमा त्रिशूल बायाँ हातमा कमल-पुष्प सुशोभित छ। आफ्नो पूर्व जन्ममा शैलपुत्री प्रजापति दक्षको कन्याको रूपमा प्रकट भएकी थिईन्। त्यती बेला उनको नाम सती थियो। माता शैलपुत्रीको बिबाह भगवान शंकर सित भएको थियो।

एक पटक प्रजापति दक्षले एउटा विशाल यज्ञ गरेका थिए ।त्यस महायज्ञमा उनले सबै देउताहरुलाई आ-आफ्नो यज्ञ भाग प्राप्त गर्न आमन्त्रित गरे ।तर उनले भगवान शिवलाई त्यो विशाल महायज्ञमा आमन्त्रित गरेनन् ।सतीले पिता प्रजापतिले विशाल महायज्ञ गरिरहेको खवर थाहा पाएपछि उनलाई पनि त्यसमा सहभागि हुन कौतुहलता भयो ।आफ्नो पिताले गर्न लागेको महायज्ञमा सहभागि हुन उनको तिव्र ईच्छा भयो।

माता सतीले आफ्नो पिताले आयोजन ागर्न लागेको विशाल यज्ञमा सहभागि हुने आफ्नो ईच्छा भगवान शंकर समक्ष राखिन् ।सतीको ईच्छा बुझेपछि भगवान शिवले आफूलाई निम्तो नदिने कारण खोतल्ने प्रयास गरे। उनले कुनै कारण प्रजापति आफूहरुसित असन्तुष्ट रहेकाले हामीलाई आमन्त्रण नगरेको हुन सक्ने माता सतीलाई जानकारी गराईन्।

उहाँले भन्नुभयो, प्रजापतिले सबै देउताहरुलाई आमन्त्रित गरी उनीहरुलाई भागपनि समर्पित गरेका छन् ।तर हामीलाई उहाँले जानेर नै नबुलाएका हुन् ।'सबै देउताहरुलाई आमन्त्रण गरी भाग दिएका प्रजापतिले हामीलाई सुचना समेत दिएका छैनन् ।यस्तो अवस्थामा तिमीलाई त्यहाँ जानु श्रेयस्कर होईन्।

आफ्नै पिताले नबोलाएको स्थानमा जानु कुनै दृष्टिकोणले उपयुक्त नभएको भगवान शिवले माता सतीलाई भने। भगवान शंकरको यो उपदेशले माता सतीलाई प्रभावित गर्न सकेन्। माईतीप्रतिको अपनत्वलाई उनले क मगर्न सकेन्।

पिताले आयोजन ागर्न लागेको महायज्ञ हेर्ने, आमा र बहिनीसित भेंटने उनको कौतुहलतालाई भगवान शंकरको वचनले शान्त गर्न सकेन् ।सतीको आग्रह र माईतीप्रतिको प्रेमलाई हेरेर भगवान शंकर प्रभावित भए। सतीको भावनालाई दृष्टिगत गरी भगवान शिवले उनलाई प्रजापतिको



महायज्ञमा सहभागि हुने अनुमति दिए।

सती पिताको घर पुग्दा उनलाई अनौठो र खल्लो महसुस हुन थाल्यो ।उनी त्यहाँ पुग्दा कसैले उनलाई आदर र प्रेमपूर्ण सम्मान दिएन् ।कसैले पनि वास्ता गरेको उनलाई लागेन्। कसैले उनीसित प्रेमपूर्ण बातचित समेत गर्न चाहिरहेका थिएनन् ।उनलाई हेरेपछि मुख फेर्ने गरेका थिए ।यद्यपी उनकी आमाले स्नेहपूर्ण ढंगले उनलाई अंगालो हालिन् ।तर बहिनीहरुले उनको उपहासगर्दै व्यंग गरिरहेका थिए।

परिजनको व्यवहारबाट सतीलाई अत्यन्त हिनताबोध भयो ।उनको मनमा ठूलो अघात पऱ्यो ।चतुर्दिक भगवान शंकरजीप्रति त्यहाँ तिरस्कारको भाव उनले देखिन् ।आफ्नै पिताले पनि भगवान शंकरप्रति अपमानजनक शब्दको प्रयोग गरेको उनलाई साह्रै चित बुझेन्।

यी सबै अपमानजनक व्यवहार हेरेपछि उनको मनमा ग्लानी, पश्चाताप र क्रोध जागृत भयो ।उनलाई पश्चाताप हुन थाल्यो ।भगवान भोलेनाथको उपदेश नमानी यहाँ आउनु ठूलो भूल गरेको सतीलाई महसुस हुन थाल्यो ।उनलाई लाग्यो मैले ठूलो गल्ती गरे।

उनले आफ्नो पति भगवान शिवशंकरको अपमानलाई सहन गर्न सकिनन् ।उनले आफ्नो त्यो रुपलाई योगाग्निद्वारा तत्क्षण नै जलाएर भष्म गरिन् ।सतीको भष्मको खवरले भगवान शंकर अत्यन्त क्रोधित भए ।उनले तत्काल नै आफ्ना गणहरुलाई प्रजापतिको यज्ञ स्थलमा पठाएर विध्वंस मच्चाए ।यज्ञ पूर्ण रुपमा ध्वस्त भयो।

सतीले योगाग्निद्वारा आफ्नो शरीरलाई भस्म गराई अगामी जन्ममा शैलराज हिमालयको पुत्रीको रूपमा जन्म लिईन् ।यस पटक उनी 'शैलपुत्री' नामले विख्यात हुईन। पार्वती, हैमवती पनि उनकै नाम हो। उपनिषदको एउटा कथा अनुसार शैलपुत्रीले नै हैमवती स्वरूपले देवताको गर्व-भंजन गरिन्।

# जानकी जन्मभूमि पुनौराधाम



श्रीमन नारायण

जगद् जननी जानकी मिथिलाकी राजकुमारी थिइन्। राजर्षि जनककी एक मात्र सन्तान जानकीको जन्मभूमि अथवा प्राकटयस्थली सीतामढीको पुनौराधाममा रहेको छ। पुनौराधामको पुरानो नाम पुण्यारण्य थियो। यो ठाउँ पुण्डरिक ऋषिको तपोभूमि र आश्रम पनि थियो। पुराण, संहिता र रामायणहरूमा यसको महत्त्वाकांक्षी वर्णन गरिएको छ।

पूर्वमा कोशी नदीदेखि पश्चिममा गण्डकी नदीसम्म र दक्षिणमा गङ्गा नदीदेखि उत्तरमा वन प्रदेशसम्म (चुरेपर्वत शृंखला) ९६ कोश लम्बाइ र ६४ कोश चौडाइ भएको मिथिला देश हो। इक्ष्वाकुतनय महाराजा निमिका आत्मज महाराजा मिथिको नामबाट 'मिथिला' देशको नामकरण गरियो। मिथिलाका राजाको राजदरबारको सिमाना पनि निकै फराकिलो र व्यापक थियो।

राजर्षि जनकको प्राचीन दुर्ग जुन थियो, त्यसका चार विशाल फाटक (ढोका) थिए। वर्तमानमा यो जनकपुरधामबाट क्रमशः दश माइल उत्तर दिशामा धनुषा, दश माइल दक्षिणमा गिरिजा स्थान (हाल बिहार भारत) दश माइल पूर्वमा हरिहरालय महादेव र दश माइल पश्चिममा जलेश्वरनाथ रहेको थियो। जलेश्वरनाथ भगवान् शिवजीको जलशयन स्थल हो। बृहत् विष्णु पुराणकै तल लेखिएको श्लोकमा महाराजा शिरध्वजले यसै जलेश्वरनाथभन्दा पश्चिम भागमा शास्त्रवत् ८८ हजार ऋषिहरू एवं महारानी सुनयनासहित तीन योजनको दूरीमा हलेष्ठी यज्ञार्थ पुण्डरिक आश्रम (पुण्यरण्य) पुनौराधामका लागि प्रस्थान गरे। यहाँ हलेष्ठी यज्ञबाट सिद्धि प्राप्ति भएको थियो।

त्रेतायुगमा लंकाधिपति रावण राक्षसी वृत्तिबाट अनुप्रेरित, मदान्धबाट मण्डित भएर आफ्नो राज्यसीमा अन्तर्गतका तपस्यारत ऋषिमुनिबाट कर असुलीका लागि आदेश जारी गरे। महाराजको आदेश प्राप्त भएपछि तिनका अनुचरहरू ऋषिमुनिहरूलाई कर बुझाउन दबाब दिए। कन्दमूल, फलफूल सेवन गर्ने ऋषिमुनिहरूसित मुद्राको अभाव हुनु स्वाभाविकै थियो तर पनि राजाको आदेशको पालन गर्दै ऋषिमुनिहरूले आ-आफ्नो शरीरबाट शोणित (रगत) निकाली एउटा घैंटो (करण्डिका) मा राखेर रावणका अनुचरहरूलाई सुम्पिने बेलामा श्राप पनि दिए– यस करण्डिकाको मुख उद्घाटित हुनेबित्तिकै तिम्रो स्वामीको सर्वनाश हुनेछ।

रावणका अनुचरहरूले लंकेशको राजसभामा उपस्थित हुँदै 'ऋषि श्राप'बारे सुनाए। त्यसपछि रावण आक्रोशित भएर उक्त करण्डिकालाई आफ्नो राज्यसीमाभन्दा निकै टाढा मिथिलाका राजा जनकको सीमा क्षेत्र पुण्यारण्य नामक जंगलमा गोप्य रूपमा गाड्न लगाए।

भनिन्छ, एकपटक शिवजीको सभामा वेदान्त विचार-विमर्शमा राजा जनकबाट पराजित भएका रावण आफ्नो पराजय त स्वीकार गरे, तर प्रतिशोधको आगोमा प्रज्ज्वलित भइरहेका थिए। 'श्रापयुक्त' करण्डिकाको प्रयोग गरेर राजा जनकसित बदला लिने उपाय उनले निकाले। रावणका अनुचरहरूले ज्ञान, तपो र पूण्य भूमि मिथिलाको पुनौराधाममा 'रक्तपुरित करण्डिका'लाई अवनीको अन्तरालमा शृतिकासित ढाकिदिएका थिए।

यस करण्डिकाका कारण मिथिलामा अनिकाल पर्न गयो। अनावृष्टिका कारण मिथिलावासीमा त्राहिमाम् मच्चिन गयो। अन्न र जलको अभावमा मानिसलाई बाँच्न गाह्रो हुन थाल्यो। खेतमा उब्जनी कम हुन थाल्यो, मौसम पनि प्रतिकूल र डरलाग्दो खालको हुन थाल्यो।

त्यतिबेला मिथिलाका महाराजा निमिका वंशज हस्वरोमाका सुपुत्र मिथिलामा शिरध्वज शासन गरिरहेका थिए। उनलाई जनक र विदेहको उपाधि पनि प्राप्त थियो। प्यारा जनताको आग्रहमा महाराजा जनकले आफ्नी महारानी सुनयना र ८८ हजार ऋषिमुनिसहित आफ्नो राजदरबारको पश्चिमी ढोका जलेश्वरनाथभन्दा तीन योजन (१२ कोस २४ माइल) को दूरीमा ज्योति खडा गरे। जुन ठाउँ अहिले सीतामढीमा छ। वायव्यकोण (पश्चिमोत्तर) मा गएर एउटा शिवलिङ्गको स्थापना गरे। यज्ञभूमिमा हलो जोत्दै उनी पुण्डरिक आश्रम अन्तर्गत पुगेपछि त्यहीँ जमिनमुनि गाडिएको करण्डिका, हलाग्र (लांगल) स्पर्श हुनेबित्तिकै विच्छिन्न हुन पुग्यो र समस्त संसारलाई सुख प्रदान गर्ने, क्लेश हर्ने, श्रेयस्करी, वीरशक्ति महिसुता (सीता) दिव्य रूपमा प्रकट भइन्। यसबारे उपनिषदकारहरूले आफ्नै किसिमले प्रशंसा गरेका छन्।

केही क्षणमै भूमिजा (सीता) बालिकाको रूपमा रुन थालिन्। यसै कारण यस ठाउँको नाम पुण्यरसा हुन गयो। पद्मपुराणमा उल्लेख भए अनुसार ऋषि पौण्डरिकले बालिकालाई जया मानेर जानकी नामबाट विभूषित गर्दै महाराज जनकलाई सुम्पिदिए। जयाबाट जानकी नाम सिद्ध हुन्छ। जसमा मातृत्व र पितृत्वको गुण वर्तमान रहेको हुन्छ तर कुनै मातापिताद्वारा त्यस सन्तानको जन्म भएको हुँदैन, अपितु पृथ्वीबाट उत्पन्न भएको हुन्छ, यस्तो सन्तानलाई जया भन्ने गरिन्छ ।जानकीको अवतरणपश्चात् महाराजा जनकले बालिकालाई लिएर आफ्नो शिविरमा फर्के तथा त्यहाँ एउटा मडई (कुटी) को निर्माण गरे। त्यहाँ नारद आइपुगे र उनले जानकीको नाम 'सीता' राखे। सीताका लागि बनाइएको मडईलाई 'सीतामढी' नामकरण गरियो।

हलोको अग्र भागलाई पनि सीता नै भन्ने गरिन्छ। राजा जनककी सुपुत्री भएका कारण जानकी र सीता (हलो) को अग्र भागबाट प्रकट भएकी कारण उनको पवित्र नाम 'सीता' नै सर्वथा उचित हुन्छ। सीता प्रकट भएको ठाउँ पुण्यारण्य (पुनौराधाम) र सीताका लागि बनाइएको कुटी (मढी) दुवै ठाउँमा भव्य मन्दिरहरू छन्। दुवैको बिचको दूरी तीन-चार किलोमिटर हुनुपर्छ। हाल दुवै ठाउँ पुरानो मिथिला र हाल बिहार सीतामढीमा पर्दछ।

महाराजा जनककी सुपुत्री भएकी कारण उनी मिथिलाकी राजकुमारी थिइन्। मिथिलाको राजधानी हाम्रो जनकपुरधाममा छ। जानकी प्राकटयस्थली पुनौराधाममा अहिले पनि एउटा जानकी कुण्ड रहेको छ। त्यसमा बाह्रमासै पानी रहन्छ, त्यसबाट माटो निकाल्न खोज्दा तीव्र गतिमा पानी बढ्ने गर्छ। मन्दिरको कम्पाउन्डमै एउटा कल्पतरुको सानो वृक्ष पनि रहेको छ। मन्दिरका महन्थ कौशल किशोर दासका अनुसार पहिला यहाँ आँप, पिपल, वर, निम आदिका विशाल वृक्ष थिए, विभिन्न कारण अहिले ती अस्तित्वमा छैनन्।


१९९० सालमा आएको विनाशकारी भूकम्पका कारण यहाँका धेरै अवशेष विलीन हुन पुगे। जनकपुरधाम र पशुपतिनाथको दर्शन गर्न आउने भारतीय तीर्थालुहरू सुरुमा पुनौराधाम हुँदै जनकपुरधाम आउँछन् अथवा जनकपुरबाट फर्केर आएपछि त्यहाँ जाने गर्छन्। दैनिक रूपमा हजारौं तीर्थालुहरू आउँछन्। यहाँ एउटा विवाह मण्डप र यज्ञस्थल पनि छ। यहाँ निरन्तर रूपमा यज्ञ, होम, पुजन भइरहेका हुन्छन्।

मिथिलाको सभ्यता र संस्कृतिलाई जोगाइराख्न पुनौराधामको पनि ठुलो योगदान छ। मन्दिरको परिसर निकै ठुलो र आकर्षक छ। फूलबारी पनि आकर्षक छ। पुनौराधामलाई भारतको प्रसिद्ध तीर्थस्थल बनाउने मनसायले बिहार सरकार र भारतको केन्द्र सरकार पनि लागिपरेको टिप्पणी महन्थ कौशल किशोर दासको रहेको छ।

कसैसित हतपती मिल्न र संवाद गर्न नरुचाउने महन्थजीले एक घन्टासम्म विचार-विमर्शका लागि समय दिए। नेपाल-भारत घनिष्ठ सम्बन्धका पक्षधर महन्थ कौशल किशोर दास नेपालप्रति धेरै सकारात्मक र सहृदयी देखिए। निरन्तर रूपमा जनकपुर र पशुपतिनाथको दर्शन गर्ने उनी मिथिलाको गौरवशाली संस्कृतिको रक्षामा दुवै देशका सरकारले मिलेर काम गर्नुपर्ने उनको सुझाव छ ।रातोपाटी

# दिगो शान्तिका लागि गान्धीको पथप्रदर्शन

**हरिविनोद अधिकारी**



महात्मा गान्धी अर्थात् मोहनदास करमचन्द गान्धीको सन् १८६९ अक्टोबर २ तारिख गुजरातको पोरबन्दरमा जन्म भएको थियो। अङ्ग्रेजी साम्राज्यबाट भारतलाई स्वतन्त्रता दिलाउने एक महान् भारतीय सपुत उहाँलाई भारतका राष्ट्रपिता मानिन्छ। उहाँलाई गौतम बुद्धपछि अहिंसाका पुजारीका रुपमा यो विश्वले मानेको छ। संयुक्त राष्ट्र सङ्घले पनि अक्टुबर २ तारिखलाई अन्तर्राष्ट्रिय अहिंसा दिवसका रुपमा मनाउन थालेको छ। जो जीवनभर अहिंसाका पुजारी रहे तर स्वयम् भने आन्तरिक हिंसाका सिकार भए तर पनि आजसम्म विश्वलाई अहिंसाको माध्यमबाट मात्र समाज रुपान्तरणका गर्न सकिन्छ भनेर उत्प्रेरित गर्दैरहे। उहाँ जीवितभन्दा मृत्युपश्चात् विश्वका महान् दार्शनिकका रुपमा चित्रित गरिए। आफ्नो देशको किचलोलाई मिलाउने क्रममा नै उनको सहादत भयो, भनौं ३० जनवरी १९४८ मा हत्या गरियो। गान्धी स्वयं हिन्दू धर्मप्रति अत्यन्तै आस्थावान भए पनि आफू एउटा राजनीतिज्ञका रुपमा भने धर्म निरपेक्ष हुनुहुन्थ्यो।

अहिंसात्मक आन्दोलनका लागि प्रोत्साहन दिने पक्ष भनेको भारतबाट बेलायतलाई बहिर्गमन हुने अवस्था सृजना गर्ने महात्मा गान्धीको सत्याग्रहबाट प्राप्त अहिंसात्मक तागत थियो। नेपाली नेताहरुले राणा हटाउनका लागि राणाको मुख्य सहयोगी अङ्ग्रेज हटाउनु पर्छ र अनि मात्र नेपालमा राणा विरोधी आन्दोलन चलाउन सकिन्छ भन्ने धारणा अन्ततः सत्य साबित भयो पनि। अहिंसात्मक आन्दोलनको बल कति हुँदो रहेछ भन्ने कुरा दक्षिण अफ्रिकाको परिवर्तनलाई पनि लिन सकिन्छ।

आजको लोकतान्त्रिक बल भनेको नै अहिंसात्मक आन्दोलन हो र त्यो क्षमतालाई आजको समयमा आविष्कार गर्ने व्यक्ति भारतका राष्ट्रपिता मोहनदास करमचन्द गान्धी नै थिए। कतिसम्म भने दक्षिण अफ्रिकाको रङ्गभेद नीतिका विरुद्धमा लड्ने महामनिषी नेल्सन मन्डेलासमेत गान्धीका अनुयायी हुनुहुन्छ। संयुक्त राज्य अमेरिकाका रङ्गभेदविरोधी तथा लोकतान्त्रिक आन्दोलनका नेता मार्टिन लुथर किङ पनि गान्धीका नै अनुयायी थिए। नेपालका लोकतान्त्रिक अभियन्ताहरू, महान सहिदहरू शुक्रराज शास्त्री, दशरथ चन्द, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा अनि महान नेताहरू बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुवर्णशंसेर, टङ्कप्रसाद आचार्य, डिल्लीरमण रेग्मी, महेन्द्रनारायण निधि, रामनारायण मिश्र आदिहरु सबै नै गान्धीप्रति नै झुकाब राख्ने थिए। अर्थात अन्ततः अहिंसाबाट नै रुपान्तरणका लागि उहाँहरु विश्वस्त थिए र त्यसैअनुसार आफ्ना कामहरु निर्देशित गरे।

जबजब हामीहरु हिंसाबाट प्रताडित हुन्छौं, तबतब हामी अहिंसाका पुजारी महात्मा बुद्धको याद गर्दछौं र पछिल्लो पटक अहिंसाका लागि आफ्नो ज्यान नै विसर्जन गरेका भारतका राष्ट्रपिता महात्मा गान्धीको याद गर्दछौं। नेपालका लागि पनि गान्धी एक प्रेरणाका स्रोत नै हुनुहुन्थ्यो। नेपालमा पनि आज एउटा गान्धीको आवश्यकता परिरहेको छ, निःस्वार्थरुपमा अहिंसाका लागि सहादत दिन पनि पछि नपर्ने तर सत्यका पक्षमा अडिग रहने। सत्यलाई मात्र आफ्नो सिद्धान्त प्रयोगका लागि मुख्य औजार मान्ने।

महात्मा गान्धी अहिले पनि वाणीविहीनहरुको वाणी बन्नुभएको छ, करोडौं दुःखी–घरबारविहीन तर स्वतन्त्रताप्रेमी उन्नायकहरूका लागि भने जिउँदो ईश्वरका रूपमा प्रेरणाका स्रोत हुनुहुन्छ। उहाँ भन्ने गर्नुहुन्थ्यो– मलाई विश्वास छ, हिंसाको तुलनामा अहिंसा अनन्तरूपले माथि हुन्छ, दण्डको तुलनामा क्षमा नै धेरै मानवोचित वा मान्छेप्रति न्याय गर्ने एउटा सबल आधार हुन्छ। गान्धीको विचारमा सत्य एउटै हुन्छ र सत्यको स्थापना विना शान्ति सम्भव छैन। सत्यको स्थापनाका लागि हिंसा वर्जित हुन्छ र अहिंसाबाट मात्र सत्य र शान्तिको स्थापना र समृद्धि सम्भव छ।

गान्धी भारतको राष्ट्रपति पनि बन्नुभएन, प्रधानमन्त्री पनि बन्नुभएन, गभर्नर जनरल पनि बन्नुभएन तर भारतलाई औपनिवेशिक जन्जिरबाट स्वतन्त्र गराउन सक्षम भएकाले उहाँलाई कृतज्ञ भारतीयहरूले राष्ट्रपिता मान्दछन्। महान् भारतीय जनतालाई औपनिवेशिकताको कठोर कारावासबाट उन्मुक्ति दिन गान्धीले अहिंसाको अत्यन्त धारिलो हतियार प्रयोग गर्नुभयो। हजारौं ट्याङ्क, लाखौं बन्दुक र करोडौं गोलीसँग लड्न उहाँले सत्य र अहिंसाको दुईधारे हतियार प्रयोग गरे। जुन उदारता र महानताका साथ गौरबशाली नेतृत्व गान्धीले प्रदर्शन गर्नुभयो, त्यसैले पोरबन्दरको एउटा बालक एक दिन महान् भारतको महात्मा गान्धी बन्नुभयो, भूगोलको सीमा चिरेर स्वाभिमानी, स्वतन्त्रताप्रेमी, लोकतान्त्रिक मूल्य र मान्यताको धरोहर र अहिंसाको ज्वलन्त द्योतक भएर विश्व समुदायमा अनुप्राणित हुनपुग्नुभयो। आज अहिंसाको कुरा गर्दा आधुनिक विश्वमा गान्धीको नाम नै प्रेरणाका स्रोतका रुपमा पाइन्छ। संयुक्त राष्ट्रसङ्घले समेत अक्टुबर २ लाई अन्तर्राष्ट्रिय अहिंसा दिवसका रुपमा मनाउन आफ्ना सदस्य राष्ट्रहरुलाई आह्वान गरेको छ।

गान्धीमा जनताप्रति अगाध आस्था र प्रेम थियो। सत्य र अहिंसाप्रतिको अविचल आस्थाले बरु सहिद हुन रुचाउनुभयो तर कसैसँग असत्यको पक्षमा घुँडा टेक्नुभएन, आफ्नो आस्था विरुद्धमा। गान्धीलाई एउटा ज्योतिर्मय अन्तर्दृष्टि भएछ -सहादत प्राप्त गर्नुभन्दा दुई दिन अघिमात्र, उहाँले भन्नुभएको थियो-मलाई कसैले गोली हानेर मार्छ भने पनि म उसलाई छेक्ने पनि छैन, म उसलाई दण्डको भागी गराउन सिफारिस पनि गर्दिन र ऐया पनि भन्दिनँ। यो भनाइ २८ जनबरी १९४८ को थियो। ३० जनबरी १९४८ मा जब उहाँलाई नाथुराम गोड्सेले गोली हान्दा मात्र उहाँका मुखबाट अन्तिम शब्द 'हे राम१ हे राम११ हे राम१११' मात्र निस्कियो। यो नै एउटा महात्माको महानिर्वाण थियो र गोलीको बदला क्षमा मात्र थियो।

अहिले विश्वभर हिंसात्मक द्वन्द्वले अनावश्यक महत्व पाएको छ। यतिबेर रुस, युक्रेन, मध्यपूर्वको इजरायल, लेबनान, प्यालेस्टाइन स्वशासित प्रशासनिक क्षेत्र, इरान र सिरिया हिंसाको चपेटामा चेपिएका छन्। हिंसा र द्वन्द्वका सहारामा विश्व जित्ने, राष्ट्र जित्ने, व्यक्ति तथा समुदायहरूलाई आतङ्कित बनाई आफ्नो अभीष्टता पूरा गर्ने लहर चलेको छ। त्यो लहर दक्षिण अमेरिकामा छ, उत्तर अमेरिकामा छ, अफ्रिका–युरोप र एसियामा देखिएको छ। शान्त भूभाग, दक्षिण पूर्वी संसार पनि त्यसबाट अछुतो छैन।

यसबेलामा शान्ति र अहिंसाको महत्व झन् बढेको छ। विश्वभर गान्धीको सम्झना सबैलाई आउन थालेको छ। विश्व समुदायको प्रतिनिधि संस्था संयुक्त राष्ट्रसङ्घले पनि अन्तर्राष्ट्रियरूपमा अहिंसालाई संस्थागत संस्कृतिको स्वरुपमा आत्मसात् गर्न अक्टुबर २ लाई गान्धी दिवस अथवा अहिंसा दिवस मनाउने निर्णय गरेको छ। यसले पनि अहिंसालाई विश्व समुदायले महत्वपूर्णरुपमा हेरेको प्रमाणित हुन्छ। यो अहिंसाको महत्व बढेको नै आजको हिंसात्मक प्रवृत्तिको विस्तारका कारणले हो।

अब मोहनदास करमचन्द गान्धी–महात्मा गान्धी भारतको मात्र नेता, राष्ट्रपिता वा दार्शनिक रहनुभएन। उहाँ नेल्सन मन्डेलाका पनि प्रेरक व्यक्तित्व हुनुहुन्छ, मार्टिन लुथर किङ् जुनियर, डाक्टर ओस्कार आरियस सान्चेज, बीपी कोइराला, डिल्लीरमण रेग्मी, जवाहरलाल नेहरु, आङसाङ् सुकी र अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा आदि अहिंसावादी हजारौं–लाखौं नेताहरूको, भोकापीडित, द्वन्द्वपीडित, हिंसापीडित, रङ्गपीडितहरूको दुःख बिसाउने र विभेदका विरुद्ध लड्नका लागि प्रेरणाका स्रोत बन्नुभएको छ।

आज महात्मा गान्धीको देशमा नजिकको छिमेक पाकिस्तान, अफगानिस्तानमा मौलाएको हिंसा संसारभर फैलिएको छ। विश्वको सर्वशक्तिमान देश संयुक्त राज्य अमेरिकासमेत हिंसाबाट पीडित छ। आतङ्कको कालो छायाबाट बर्सेनि लाखौं निरपराध व्यक्तिहरू हिंसाको सिकार हुन्छन्। नेपाल अझै पनि हिंसाको चोटबाट ब्युँझिन सकेको छैन। नेपाल अझै द्वन्द्वपश्चात्को सङ्क्रमणबाट गुज्रिरहेको छ। यस संवैधानिक कार्यान्वयनको सङ्क्रमणकालको अन्त्यका लागि एउटा अचुक र अमोघ शस्त्र भनेको सत्य र अहिंसाको साधना हो।

आज हामीले पनि महान् गुप्त साम्राज्यका प्रतिनिधि सम्राट अशोकबाट सिक्नुपर्ने भएको छ- जुन दिन उनले रक्तरञ्जित खुँडा पावन गङ्गा नदीमा पखालेर जनतासँग क्षमायाचना गरे र लुम्बिनीमा आएर पीडितसँग क्षमा माग्दैन, फेरि कहिल्यै कुनै प्रकारको हत्या हिंसामा संलग्न नहुने प्रतिज्ञा गर्दै बुद्धको जन्मस्थलमा शान्ति स्तम्भ स्थापना गर्न योगी बने, अनि मात्र अशोक जनसमुदायका महान् सम्राट अशोक बने र आज पनि हामी उनको नाम आदर साथ लिन्छौं।

अब हामीले पनि गान्धीबाट सिक्ने कुरा के हो भने द्वन्द्व, शस्त्रास्त्र भनेका फगत वर्तमानलाई आतङ्कित पारेर, राज्यसत्ता कब्जा गर्न सकिने क्षणिक प्रवृत्ति मात्र हुन्, असल शान्तिको आधार भनेको त सत्यलाई स्वीकार गर्ने अहिंसा मात्रै हो। सम्राट अशोकबाट पनि हामीले सिक्ने भनेको हत्या र हिंसाबाट शान्ति कायम गर्न कहिल्यै सकिँदैन, क्षमा र प्रार्थनाबाट अतीतको कालो धब्बा धुन र पुछ्न सकिन्छ। गान्धी हाम्रो आध्यात्मिक चेतका पछिल्ला आकार हुन् र विश्वलाई अहिंसाको पाठ सिकाउने महान् गुरु हुन्। अन्त्यमा, महामानव महात्मा गान्धीको आत्माले शान्ति पाइरहोस् र संसारभर संयुक्त राष्ट्रसङ्घमार्फत अहिंसाको सुवास फैलिरहोस्। नेपालमा पनि अहिंसाको सुवासले सबै हिंसावादीहरुलाई हिंसाबाट सत्ता कब्जा हुन सक्छ तर सार्वभौम जनतामा शान्ति स्थापना हुँदैन भन्ने सत्यको स्थापना हुने गरी बुद्धि पलाओस्। (लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)

# सरकारले डिजिटल सार्वजनिक पूर्वाधार निर्माण गर्ने लक्ष्य लिएको छ : सञ्चारमन्त्री गुरुङ

काभ्रेपलाञ्चोक । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले डिजिटल नेपाल फ्रेमवर्कअन्तर्गत डिजिटल फाउन्डेसन कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत नेपाल सरकारले 'डिजिटल सार्वजनिक पूर्वाधार' निर्माण गर्ने लक्ष्य राखेको बताउनुभएको छ।



काभ्रेपलाञ्चोककोधुलिखेलस्थित काठमाडौँ विश्वविद्यालय (केयु) मा बुधबार आयोजित तीनदिने दोस्रो परा-हिमालय सञ्चार तथा सामाजिक विकास सङ्गोष्ठीको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले दिगो विकास लक्ष्य-२०३० को सफल कार्यान्वयनका लागि सरकारको नीति तथा कार्यक्रम डिजिटल सार्वजनिक पूर्वाधारलाई प्राथमिकता दिने दिशामा अघि बढ्ने बताउनुभयो।

"सरकारले चालु आर्थिक वर्षमा ललितपुरको खुमलटारमा सूचना प्रविधि हब स्थापना र ज्ञान पार्क स्थापनालाई प्राथमिकतामा राखेको छ, यी सूचना प्रविधि दशकको कार्यान्वयनका लागि आधारभूत स्तम्भ हुने विश्वास गरेका छौँ", सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले भन्नुभयो । उहाँले सरकार सूचना-प्रविधिको विस्तृत कार्यान्वयन योजना बनाउने प्रक्रियामा रहेकाले डिजिटल रुपान्तरणका लागि नीति, कानुनी र पूर्वाधारका बाधाहरूलाई सम्बोधन गरी निजी क्षेत्रको दिगो पूर्वाधारसहितको 'डिजिटल इकोसिष्टम' निर्माणमा सबै सरोकारवालाको सामूहिक प्रयासबाट मात्र सम्भव गराइने बताउनुभयो।

मन्त्री गुरुङले सञ्चार आधुनिक शासनको मुटुमा भएकाले नागरिकसम्म वास्तविक समयमा जडान गर्न, तथा सूचना प्रविधिमार्फत जानकारीलाई प्रभावकारी रूपमा साझा गर्न तथा थप पारदर्शी रूपमा सेवाहरू प्रदान गर्न सक्षम बनाउने बताउनुभयो । उहाँले भन्नुभयो, "डिजिटल ई-गभर्नेन्समार्फत हामी विस्तारै परम्परागत नोकरशाही प्रणालीबाट टाढा जाँदैछौँ, सेवाहरू सिधै नागरिकको औँलामा ल्याउँदैछौँ, राष्ट्रिय ई-सरकार मास्टर प्लान, ब्रोडब्यान्ड नेटवर्क विस्तार, अप्टिकल फाइबर ब्याकबोन नेटवर्क तथा विशेषगरी ग्रामीण क्षेत्रमा नेटवर्क रोलआउट राष्ट्रव्यापी इन्टरनेट पहुँच बढाउनुपर्ने आजको आवश्यकता हो ।" उहाँले पूर्वाधार विकास, डिजिटल साक्षरता, साइबर सुरक्षा, 'डिजिटल नेपाल'को फराकिलो लक्ष्य पूरा गर्न नेपालले आफ्नो डिजिटल पूर्वाधार सुधार गर्न महत्त्वपूर्ण प्रयास गरेको उल्लेख गर्नुभयो।

मन्त्री गुरुङले मन्त्रालयले विद्यमान नीति, कानुन र संरचनामा नयाँ तर्जुमा र आमूल परिवर्तनलाई प्राथमिकता दिएको बताउँदै सूचना प्रविधि तथा साइबर सुरक्षा ऐनको मस्यौदा सरोकारवालाको सहमतिको चरणमा रहेको बताउनुभयो।"सार्वजनिकशासनमा डिजिटल सञ्चारलाई एकीकृत गर्नाले थप उत्तरदायी, पारदर्शी र कुशल सरकारी सेवा दिन सकिन्छ, यसका लागि नै मन्त्रालयले राष्ट्रिय साइबर सुरक्षा नीति-२०८० तर्जुमा गरी राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गरेको छ", उहाँले भन्नुभयो।

मन्त्रालयले नेपालमा कृत्रिम बुद्धिमत्ता (एआई)को प्रयोग र अभ्याससँग सम्बन्धित अवधारणा पत्र प्रकाशित गरेको उहाँले बताउनुभयो।

कार्यक्रममा केयुका उपकुलपति प्रा डा भोला थापाले सूचना प्रविधिले निम्त्याउने चुनौतीलाई अवसरमा बदल्ने चुनौती प्रमुख विषय रहेको बताउनुभयो । युनिभर्सिटी अफ इलेक्ट्रोनिक साइन्स एण्ड टेक्नोलोजी अफ चाइनाका कुलपति जान सुनले डिजिटल प्रविधि तथा सञ्चारको व्यापकताबारे आफ्नो धारणा राख्नुभएको थियो।

कार्यक्रममा युनिभर्सिटी अफ टेक्सासका प्राध्यापक अरविन्द सिंघल, सिघुवा विश्वविद्यालयका प्राध्यापक लि सिग्वाङ, जवाहरलाल नेहरु विश्वविद्यालयका प्राध्यापक मनुकोण्डा रवीन्द्रनाथ सहभागी हुनुहुन्छ।

सङ्गोष्ठीमा चीनको काङ्बा टेलिभिजनकी सम्पादक चेमी वेङ्मो, जेजियाङ विश्वविद्यालयका प्राध्यापक वो फेइ, फोस्करी विश्वविद्यालयका प्राध्यापक घानी-उर-रहमान, भुटानकी शोधकर्ता याङ चेन सी रिन्जिन, दिल्ली विश्वविद्यालयको प्राध्यापक सरिता आनन्द र चीनका प्राध्यापक हान होङ वक्ताका रूपमा हुनुहुन्छ।

युनिभर्सिटी अफ इलेक्ट्रोनिक साइन्स एण्ड टेक्नोलोजी अफ चाइना र केयूको भाषा तथा आमसञ्चार विभागद्वारा संयुक्त रुपमा आयोजित सङ्गोष्ठीमा एक सय कार्यपत्र प्रस्तुत हुने जनाइएको छ।

सङ्गोष्ठीमा नेपाल, चीन, भारत, भुटान, पाकिस्तान, संयुक्तराज्य अमेरिकालगायत मुलुकका प्राज्ञिक व्यक्तिको सहभागिता रहेको छ ।रासस

# दैनिक उपभोग्य वस्तुको अभाव छैन: मन्त्री भण्डारी



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विपद्जन्य अवस्थाले केही दिन तरकारी अभाव देखिए पनि दैनिक उपभोग्य वस्तुको बजारमा अभाव नरहेको बताउनुभएको छ। उहाँले बजारमा अभाव हुन नदिन मन्त्रालयले पनि देशका ४४ जिल्लाका ६१ स्थानमा सुपथ मूल्य पसल पनि सञ्चालन गरिएको जानकारी गराउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) युवा विद्यार्थी विशेष जिल्ला कमिटीको मन्त्रालयमा बुधबार ज्ञापनपत्र बुझ्दै मन्त्री भण्डारीले विपद्जन्य अवस्था र चाडपर्वका बेला कोही कसैले बजारमा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव गरे वा मूल्यवृद्धि गरे कडा कारबाही गरिने बताउनुभयो।

"काठमाडौँमा आउने तरकारी छिमेकी जिल्लाहरु धादिङ, नुवाकोट, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोकलगायत जिल्लाबाट हो, बाढीपहिरोले एकातिर बाटो बन्द भयो, अर्कोतिर वर्षाले तरकारी खेतीमा नोक्सानी गर्यो, त्यसकारण केही दिन तरकारी आयात हुन समस्या भयो र केही मूल्य वृद्धि भएको हो", उहाँले भन्नुभयो, "विस्तारै तरकारी आयात भइरहेको छ, मन्त्रालयबाट महङ्गोमा तरकारी बेचेको पाइए कारबाही गर्न मातहतका निकायलाई निर्देशन भइसकेको छ।"

विगतभन्दा अहिले दैनिक उपभोग्य वस्तुको मूल्य घटेको जनाउँदै मन्त्री भण्डारी बजारमा कोही कसैले अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा कोही कसैले कालो बजारी तथा मूल्यवृद्धि गरे वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको हटलाइन नं ११३७ मा खबर गर्न आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, "अमूर्तरुपमा कालोबजारी, अभाव र मूल्यवृद्धि भयो भन्ने गरिन्छ, कहाँ छ त्यसो भएको भनेर हामीलाई जानकारी गराउनुस्, हामी तत्काल 'एक्सन' लिएर ठाउँका ठाउँ कारबाही गर्छौं।" व्यावसायिक शुद्धतासहित जनतालाई अत्यावश्यक वस्तुको उपलब्धताका लागि वाणिज्य मन्त्रालयबाट कुनै कसर बाँकी नराखिएको बताउनुभयो।

आधारभूत तहलाई दैनिक उपभोग्य वस्तुको सहज उपलब्धताका लागि मन्त्रालय लागिपरेको उहाँको भनाइ छ । उहाँले हरेक अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा कम्तीमा रु पाँचदेखि रु १० सम्म मन्त्रालय मातहतका बिक्री कक्षमा सस्तो मूल्य कायम गरिएको जानकारी गराउनुभयो।

मन्त्री भण्डारीले अत्यावश्यक वस्तुका रुपमा रहेको पानीको अधिकतम खुद्रा मूल्यभन्दा बढी लिने जुनसुकै होटल तथा रेष्टुरेन्ट कारबाहीको दायरामा आउने र सो क्रम जारी रहेको बताउनुभयो । उहाँले छिट्टै राजमार्गका होटललाई कारबाहीको दायरामा ल्याउने प्रक्रिया भइरहेको जानकारी गराउनुभयो।

मन्त्री भण्डारी कम्तीमा पनि चारवटा होटल भएको ठाउँमा यात्रुवाहक सवारी साधन रोकिनुपर्ने र एकान्तमा सञ्चालन गरिएका होटल कारबाहीको दायरामा आउने बताउनुभयो।

एमाले युवा विद्यार्थी विशेष जिल्ला कमिटी इन्चार्ज एवं पार्टीका केन्द्रीय सदस्य रमेश पौडेल, युवा विद्यार्थी विशेष जिल्ला कमिटी अध्यक्ष रामजी सापकोटासहितको टोलीले विपद्जन्य अवस्था र चाडपर्वको मुखमा सहज आपूर्ति गर्नुपर्नेलगायत विभिन्न छबुँदे माग राखेर मन्त्री भण्डारीलाई ज्ञापनपत्र बुझाएको थियो। साथै सो कार्यक्रममा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक राजन पौडेल उपस्थित हुनुहुन्थ्यो ।रासस

# नेपाल र बङ्गलादेशका सहसचिवस्तरीय बैठक सम्पन्न

काठमाण्डु । नेपाल र बङ्गलादेशबीचको ऊर्जा व्यापारका सम्बन्धमा छलफल गर्न दुई देशबीचका सहसचिवस्तरीय बैठक सम्पन्न भएको छ।

नेपाल र बङ्गलादेशबीच ऊर्जा व्यापार र विद्युत्सँग सम्बन्धित विषयमा छलफल कार्यदलका संयोजक एवं ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयका सहसचिव चीरञ्जीवी चटौतले जानकारी दिनुभयो।

नेपाल र बङ्गलादेशका सहसचिवले नेतृत्व गर्ने संयुक्त कार्यदल (जेडब्लुजी) ले गरेको निर्णयबारेमा बुधबार सचिवले नेतृत्व गर्ने संयुक्त निर्देशक



गर्नका लागि सन् २०१८ मा स्थापना भएको संयुक्त कार्यदलको संयन्त्रको छैटौँ बैठक मङ्गलबार काठमाडौँमा सम्पन्न भएको हो।

बैठकमा यही असोज १७ गते नेपाल-भारत-बङ्गलादेशबीच हुन लागेको त्रिपक्षीय ऊर्जा सम्झौता, नेपाल र बङ्गलादेशबीचको ऊर्जा विकासका सम्भावनाका विविध विषयमा छलफल भएको समिति (जेएससी)को बैठकमा पेस गरिनेछ।

नेपाल, भारत र बङ्गलादेशबीच यही असोज १७ गते त्रिपक्षीय ऊर्जा व्यापार सम्झौतामा हस्ताक्षर गर्ने कार्यक्रम छ। बङ्गलादेशले पहिलोपटक भारतीय प्रसारण लाइनको प्रयोग गरी नेपालमा उत्पादित विद्युत् आफ्नो देश लैजान लागेको हो ।रासस

# एआइको प्रयोग मानवताको साझा हितमा गरिनुपर्छ : मन्त्री डा राणा

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले आर्टिफिसियल इन्टेलिजेन्स (एआइ) को प्रयोग मानवताको साझा हित तथा सबैको समृद्धिका लागि जिम्मेवार र मर्यादित रूपमा गरिनुपर्ने बताउनुभएको छ।



कतारको दोहामा आयोजित एसिया कोअपरेसन डायलगको बुधबारदेखि सुरु भएको सम्मेलनअन्तर्गत आयोजित 'एसिडी बिजनेस फोरम'लाई सम्बोधन गर्दै मन्त्री डा राणाले भन्नुभयो, "अबको युगमा एआइलाई पछि छोडेर अघि बढ्न सकिँदैन, त्यसैले यसलाई मर्यादित रुपमा मानवहितमा प्रयोग गर्नुपर्दछ।"

विश्व शान्ति, स्थिरता तथा समृद्धिका लागि एआइलाई सकारात्मक र सिर्जनात्मक साधनका रुपमा अँगाल्नुपर्ने मन्त्री डा राणाको भनाइ थियो । सो बिजनेस समिटको 'आर्टिफिसियल इन्टेलिजेन्स एण्ड न्यू बिजनेस मोडल' विषयक सत्रमा उहाँले भन्नुभयो, "आजको जटिल र प्रतिस्पर्धात्मक विश्वमा एआइ एक प्रकारको 'गेम चेञ्जर' का रुपमा आएको छ। यसको दुरुपयोग नभई सिर्जनात्मक प्रयोगबाट लाभ लिन सक्नुपर्छ।"

मन्त्री डा राणाले एआइ अब कुनै एक प्रविधि अर्थात् प्राविधिक उपकरण मात्र सीमित नभएर मानवीय जीवनमा आवश्यक शिक्षा, स्वास्थ्य, सुशासन, आर्थिक विकास तथा सुरक्षालगायतका लागि प्रभावकारी साधन बनेको बताउनुभयो । यो प्रविधिलाई देशको व्यापारिक तथा कर्पोरेट क्षेत्रले पनि आफ्ना व्यापारिक एवं व्यावसायिक प्रवर्द्धनका लागि प्रयोग गर्नसक्ने उहाँको सुझाव थियो । कर्पोरेट क्षेत्रका डाटाको प्रयोग र विश्लेषण एवं आफ्ना उत्पादन तथा सेवाको विस्तारमा एआइले सहयोग पुर्‍याउने उहाँले बताउनुभयो।

यसका ` प्रयोगबाट बजारको विश्लेषण एवं अनुसन्धान, उत्पादनका लागि दक्षताको सुधार एवं सूचना प्रणालीमा सहयोग पुग्ने मन्त्री डा राणाको भनाइ थियो।

उहाँले यो प्रविधिको प्रयोगबाट लाभ पुग्ने भए पनि यसका जोखिम र चुनौतीहरू पनि बिर्सन नहुने तर्क गर्नुभयो । कतिपय डाटा तथा तथ्याङ्कको गोपनीयता, गलत अर्थात् भ्रमपूर्ण सूचनाको प्रसार तथा रोजगारीमा आउन सक्ने गिरावटलाई यसका मुख्य चुनौतीका रुपमा लिने गरिएको उहाँको भनाइ छ।

नेपाल वर्तमान संविधान जारी भएसँगै दिगो शान्ति, स्थिरता र समृद्धिको नयाँ युगमा प्रवेश गरेको उल्लेख गर्दै मन्त्री डा राणाले नेपालमा लगानीका लागि विश्वका लगानीकर्ताहरुलाई आह्वान गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालमा लगानीको अनुकूल वातावरण निर्माण गर्न आवश्यक कानुन परिमार्जन गरेका छौँ । नेपाल सरकारले ऊर्जा, उत्पादन, पर्यटन, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र कृषिलाई लगानीका प्रमुख प्राथमिकतामा राखेको छ । एआइ नेपालमा लगानीको एक नयाँ क्षेत्र बन्न सक्छ।"

सो बिजनेस समिटमा सहभागी नेपाल उद्योग वाणिज्य महासङ्घमा आबद्ध नेपाली उद्योगी तथा व्यवसायीसँग समन्वय गरी नेपालमा लगानी गर्न मन्त्री डा राणाले विश्वका लगानीकर्तालाई आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, "यहाँ उपस्थित सम्पूर्ण उद्योगी, व्यवसायी एवं लगानीकर्तालाई म यो आग्रह गर्न चाहन्छु कि अहिले नेपालमा लगानीको उचित अवसर र वातावरण छ। त्यसैले नेपालमा विविध क्षेत्रमा लगानी गर्न आउनुहोस्।"

मन्त्री डा राणा कतारको दोहामा बुधबारदेखि सुरु भएको एसियन कोअपरेसन डायलगको तेस्रो सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै त्यहाँ पुग्नुभएको हो। उहाँ संयुक्त राष्ट्रसङ्घीय महासभामा सहभागी भएर मङ्गलबार दोहा पुग्नुभएको हो ।रासस

# सबै संयन्त्रलाई सतर्क रहन गृहमन्त्री लेखकको निर्देशन

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले कोशी र बागमती प्रदेशका केही ठाउँमा भारी वर्षा हुनसक्ने पूर्वानुमान गरिएकाले सोहीअनुसार सतर्क रहन सम्बद्ध अधिकारीहरुलाई निर्देशन दिनुभएको छ।



गृहमन्त्री लेखकले जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाको बुलेटिनलाई दृष्टिगत गरी तीन वटै सुरक्षा निकायका प्रमुखहरू, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रमुख जिल्ला अधिकारी, प्रदेशका सबै सुरक्षा संयन्त्र र स्थानीय तहहरूलाई आज निर्देशन दिनुभएको हो।

महाशाखाले कोशी र बागमती प्रदेशका केही स्थानमा भारी वर्षा हुने प्रक्षेपण गरेकाले सम्भावित जोखिमबाट बच्न आमनागरिकलाई सावधानी अपनाउन आग्रह गरेको छ।

सोही सन्दर्भमा उहाँले भन्नुभयो, "वर्षाको पूर्वानुमान गरिएअनुसार मैले कोशी र बागमती प्रदेशका प्रमुख जिल्ला अधिकारी, प्रदेश र जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूलाई सतर्क रहन निर्देशन दिएको छु।"

थप समन्वय र सोसम्बन्धी आवश्यक काम कारबाहीका लागि गृह मन्त्रालयमा सुरक्षा निकायका प्रमुख र विपद् प्राधिकरणलाई तयारी अवस्थामा रहन निर्देशन दिएको गृहमन्त्री लेखकले बताउनुभयो।

मन्त्री लेखकले यसअघिको बाढी र पहिरोले मुलुकका प्रमुख राजमार्गहरु अवरुद्ध रहनुका साथै पहिरोको जोखिम कायमै रहेकाले यात्रा गर्दा सावधानी अपनाउनसमेत आग्रह गर्नुभएको छ ।रासस

# गण्डकी प्रदेशका स्वास्थ्यमन्त्रीको स्वास्थ्य क्षेत्र सुधार कार्ययोजना सार्वजनिक

कास्की । गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्य क्षेत्र सुधारको लक्ष्यसहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना सार्वजनिक गरेको छ। स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले मङ्गलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमार्फत स्वास्थ्य क्षेत्रको नीतिगत, संस्थागत र संरचनागत सुधारको खाकासहित भावी कार्ययोजना प्रस्तुत गर्नुभएको हो।



मन्त्री पाठकले नागरिकलाई सर्वसुलभ र गुणस्तीय सेवा प्रवाहका लागि आवधिक योजना बनाएर आफूले काम सुरुआत गरेको बताउनुभयो । "स्वास्थ्य क्षेत्रको आधारभूत तहदेखि सुधारका कामलाई तीव्रता दिन्छौँ, मन्त्रालयको सिङ्गो टिम कार्ययोजना कार्यान्वयनका लागि प्रतिबद्ध छ", उहाँले भन्नुभयो, "सङ्घ र प्रदेशको स्वास्थ्य नीति, बजेट, प्रदेशको सम्भावना, अन्तर्राष्ट्रिय मान्यता आदिको गहन अध्ययन गरेर अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तय गरिएको छ।"


योजना कार्यान्वयनका लागि स्रोतको प्रबन्ध गर्न सङ्घ सरकार, विकास साझेदारलगायतसँग सहकार्य गरिने मन्त्री पाठकले बताउनुभयो। कार्ययोजनामा कानूनी सुधार, सुशासन, आपूर्ति व्यवस्थापन, मातृ तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण, संस्थागत क्षमता विकास तथा विस्तार, सेवा प्रवाह तथा गुणस्तरको सुनिश्चितता, सूचना व्यवस्थापन, जनस्वास्थ्य आपतकालीन तयारी र प्रतिकार्य, सर्ने तथा नसर्ने रोगको व्यवस्थापनलगायतका विषय समेटिएका छन्।

अल्पकालीन योजनातर्फ चिकित्सक एवं स्वास्थ्यकर्मी प्रोत्साहनसम्बन्धी कार्यविधि र प्रदेश जनस्वास्थ्य प्रयोगशाला सञ्चालन कार्यविधि तयार गरिने मन्त्री पाठकले बताउनुभयो । स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास गरिने उहाँको भनाइ छ। निजी स्वास्थ्य संस्था दर्ता, नवीकरण र अनुगमनसम्बन्धी कार्यविधि संशोधन गरिने कार्ययोजनामा उल्लेख छ।

प्रदेशभित्र औषधिको गुणस्तर जाँचको प्रबन्ध मिलाइने मन्त्री पाठकलले बताउनुभयो । पूर्ण संस्थागत सुत्केरी अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र पाठेघर खस्ने समस्या तथा फिस्टुला रोगको पहिचान गरी निःशुल्क उपचारको व्यवस्था गरिने उहाँले उल्लेख गर्नुभयो।

गण्डकी र धवलागिरि आयुर्वेद औषधालयमा आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरी अन्तरङ्ग सेवा व्यवस्थित गरिने भएको छ । मन्त्री पाठकले सर्ने रोग क्षयरोग, कुष्ठरोग र नसर्ने रोगको मधुमेह, उच्च रक्तचापलगायतका समुदायस्तरमा 'स्क्रिनिङ' गरिने मन्त्री पाठकले बताउनुभयो । प्रदेश सरकार मातहतका अस्पतालमा मानसिक रोगको उपचार सेवाको विस्तारका साथै मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरिने उहाँले बताउनुभयो ।रासस


## हार्दिक शुभकामना



२०८१ साल हिन्दुहरुको महान चाँड पर्व वडा दशैंको शुभ अवसरमा देश विदेशमा रहेका सर्म्पूण नेपाली दाजु भाई, दिदी-बहिनीहरु तथा शुभेच्छुकहरुको सुख शान्ति, समृद्धि, सु-स्वास्थ्य लाभ एवं दिर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।



राम पल्टन साह, सचिव | प्रभाकर प्रसाद साह, उपसभापति | तारा चन्द्र प्रसाद साह, सभापति

एवं

श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)

मिल्स एरिया जनकपुरधाम-१ परिवार

# इरानमा अनेकौ यातना भोग्नुपरेको निर्वासित अफगानी शरणार्थीहरूको गुनासो

एएफपी

इस्लाम काला । इरानसँग अफगानिस्तानको सीमाबाट अफगानी शरणार्थीहरु बच्चा च्यापेर, आफ्नो सम्पूर्ण सांसारिक सम्पत्ति झोलामा अटाएर स्वदेश फर्किरहेका छन् ।



प्रत्येक दिन तीन हजार अफगानी जसमध्ये कोही इरानमा जन्मेका थिए, आफ्नो उज्ज्वल जीवन जिउने प्रयास असफल भएपछि स्वदेश फर्किरहेका छन् । "शरणार्थीहरूले धेरै शारीरिक र मानसिक यातनाको सामना गर्नुपरेको छ", इस्लाम कालाको सीमावर्ती सहरमा आगमन दर्ता गर्ने अधिकारी अब्दुल घानी काजीजादाले बताउनुभयो ।

कोही अवैध रूपमा इरान प्रवेश गरेका र कोहीको भिसा म्याद सकिएका कारण उनीहरु आफ्नो देश फर्कन बाध्य भएका हुन् । लगभग ९० प्रतिशतलाई अफगानीलाई इरानबाट निर्वासित गरिएको छ भने बाँकी स्वेच्छाले फर्किरहेका छन् । "उनीहरूलाई १८ वर्ष माथिका जो कोहीले १० करोड तोमान बैङ्कमा जम्मा गराउनुपर्ने अन्यथा एक हप्ताभित्र इरान छाड्न चेतावनी दिइएको थियो", काजीजादाले भन्नुयो ।

यी शरणार्थीहरू देश भित्रनु अघी अफगान अधिकारीले दर्ता गरिरहेका छन् र आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठनद्वारा जाँच गरिएका छन् । आफ्नो परिवारसँग जीवन पुनर्निर्माण गर्न फर्किरहेका शरणार्थीका लागि प्रति व्यक्ति दुई हजार अफगानी दिइने व्यवस्था गरिएको छ भने एक्लै फर्किनेको हकमा यो सुविधा लागू गरिएको छैन ।

३६ वर्षीया रमजान अजिजी आफ्नी श्रीमती र तीन बच्चासहित आगमन दर्ता गराउन पर्खिरहनुभएको थियो । उहाँ सन् २०२३ मा एक दलाललाई १ हजार २२० डलर दिएर अवैध रूपमा इरान प्रवेश गर्नुभएको थियो । तर बढ्दो बेरोजगारी साथै अन्तर र्राष्ट्रिय प्रतिबन्ध अन्तर्गत देशमा अपराधको आरोपमा अफगानहरूले बढ्दो शत्रुताको सामना गर्नुपरेको छ । २६ वर्षीया फाजिला कादेरीले राजधानी तेहरान नजिकैको करज शिविरमा आफू र आफ्नो पतिले भोगेका कष्टको स्मरण गर्नुभयो ।

"सुरक्षाकर्मीले पुरुष र महिलामा कुनै भेद नगरी हामीलाई छ वा सात दिनसम्म लठ्ठीले धेरै कुटपिट गरे", उहाँले बताउनुभयो । कुटपिटका कारण उहाँको पतिको हड्डी भाँचिएको थियो । उहाँ मध्य-उत्तरी प्रान्त काजभिनमा एकजना तस्करलाई पैसा दिएर चार वर्षअघि इरान आउनुभएको थियो । वैध पासपोर्ट र भिसा हुँदाहुँदै पनि आफूलाई पक्राउ गरी इरानबाट निष्कासन गरिएको २९ वर्षीया मजदुर अब्दुल बसीरले बताउनुभयो । "पासपोर्ट लिएर म १० दिनका लागि सैन्य शिविर मा पुगेँ", उहाँले भन्नुभयो ।

उहाँले एक पटक शिविरमा घाइते हुनेगरी कुटपिट गरिएको बताउनुभयो । सुरक्षाकर्मीहरूले अफगानी पासपोर्ट वा वैध इरानी निवास अनुमतिहरू च्यातेको पनि उहाँले दावी गर्नुभयो । तसर्थ उहाँलाई अफगान पासपोर्ट बिना अफगानिस्तान निर्वासित गरियो । सीमामा रहेका अफगानी अधिकारी काजीजादाले करिब ७० प्रतिशत शरणार्थीलाई इरानी कागजातबिना फिर्ता पठाइएको जानकारी गराउनुभयो ।

अफगानिस्तानका विदेशमन्त्री अमिर खान मुत्ताकीले सेप्टेम्बरको अन्त्यमा तेहरानलाई " इरानको विकासमा योगदान पुर्याएका अफगानी शरणार्थीलाई" सहयोग गर्न आग्रह गर्नुभएको थियो । इरानी राष्ट्रपति मसूद पेजेस्कियनले गत महिना तेहरानले अवैध नागरिकहरूलाई "सम्मानजनक ढङ्गले" आफ्नो देशमा फिर्ता गरिरहेको बताउनुभएको थियो ।

# इरानले इजरायलमाथि गरेको आक्रमणको विश्वव्यापी विरोध, संयमता अपनाउन आग्रह

एएफपी

पेरिस । तेहरानले इजरायलमाथि मिसाइल आक्रमण गरेपछि विश्वका नेताहरूले इरान र इजरायललाई संयमता अपनाउन आग्रह गरेका छन् ।तेहरानले लेबनानमा हिजबुल्लाह विरुद्ध भूमि आक्रमण गरिरहेको भन्दै आक्रमण इरान समर्थित लडाकु नेताहरूको हत्याको प्रतिक्रिया स्वरुप भएको जनाएको छ ।

दमास्कसमा इरानी वाणिज्य दूतावासमा भएको इजरायली हवाई आक्रमणको बदलामा अप्रिलमा भएको मिसाइल र ड्रोन आक्रमणपछि इरानले इजरायलमाथि प्रत्यक्ष आक्रमण गरेको यो दोस्रो पटक हो ।मिसाइलको आक्रमण पछि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले "मध्यपूर्वमा बढ्दो द्वन्द्व" को निन्दा गर्नुभएको छ ।

गाजामा प्यालेस्टिनी हमास लडाकुसँगको युद्धसगैं हिजबुल्लाहसँगको इजरायलको द्वन्द्वको आलोचना गर्दै गुटेरेसले बताउनुभएको छ । बेरुतमा हिजबुल्लाह प्रमुख हसन नस्रल्लाह र तेहरानमा हमासका नेता इस्माइल हानियाहको हत्याको प्रतिशोधमा उक्त आक्रमण भएको हमासले जनाएको छ ।

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले इरानी आक्रमणको निन्दा गर्दै मध्यपूर्वमा व्याप्त 'हिंसाको चक्र' अन्त्य गर्न आह्वान गर्नुभएको छ । विदेशमन्त्री जोस म्यानुएल अल्बेरेसले म्याड्रिडले द्वन्द्व पक्षलाई संयमता साथ अघि बढी तनाव नियन्त्रण गर्न आह्वान गर्नुभएको छ । जर्मनी विदेशमन्त्री एनालेना बारबकले इरानलाई इजरायलमाथि गरेको क्षेप्यास्त्र आक्रमणको निन्दा गर्दै हिंसा अन्त्य गर्न आग्रह गर्नुभएको छ ।

त्यसैगरी फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रोनले इजरायल विरुद्ध इरानको आक्रमणको निन्दा गर्दै फ्रान्सले तेहरानको सामना गर्न मध्यपूर्वमा आफ्नो सैन्य स्रोतहरू "परिचालन" गरेको



पूर्ण रूपमा युद्धविरामको आवश्यकता रहेको बताउनुभएको छ । यसै गरी अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकी सेनालाई "इरानी आक्रमण विरुद्ध इजरायली रक्षामा सहयोग गरी इजरायललाई लक्षित मिसाइलहरू नष्ट गर्नसमेत आदेश दिनुभएको छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले उक्त आक्रमण "पूर्ण रूपमा अस्वीकार्य" भएको बताउनुभएको छ ।

इजरायलले इरानी आक्रमणको बदला लिने वाचा गरेको छ । इरानमा प्रतिक्रीयात्मक आक्रमण गर्ने इजरायली सैन्य प्रवक्ता रियर एडमिरल डेनियल हागारीले बताउनुभएको छ । बेलायती प्रधानमन्त्री कीर स्टारमरले इरानको आक्रमणको निन्दा गर्नुभएको छ । आफ्ना इजरायली समकक्षी बेन्जामिन नेतान्याहुसँगको कुराकानीमा स्टारमरले "इजरायली सुरक्षा र नागरिकहरूको सुरक्षाका लागि बेलायतको दृढ प्रतिबद्धतासमेत पनि व्यक्त गर्नुभयो ।

जापानका नयाँ प्रधानमन्त्री सिगेरु इसिबाले इजरायलमाथि इरानले गरेको क्षेप्यास्त्र आक्रमण "अस्वीकार्य" भएको बताउनुभएको छ । यद्धको निन्दा गर्दै स्थितिलाई शान्त पार्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

# अन्तिममा सम्हालिन नसक्दा नेपाल क्यानडासँग चार विकेटले पराजित




काठमाण्डु । क्यानडामा जारी त्रिकोणात्मक टि-ट्वान्टी शृंखलाअन्तर्गत सम्पन्न खेलमा नेपाल घरेलु टोलीसँग चार विकेटले स्तब्ध भएको छ । प्रतिस्पर्धात्मक खेलको दोस्रो पारीको १९औँ ओभरमा दुई छक्का र एक चौकाको सहयोगमा १८ रन जोडेपछि क्यानडाले जित सहजै आफ्नो पक्षमा पार्‍यो ।

क्यानडाको किङ सिटीमा भएको खेलमा टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको नेपालको सुरुआत राम्रो रह्यो । पहिलो विकेटका लागि अनिल साह र आशिफ शेखले ७० रनको साझेदारी गरे ।खेलको पहिलो ओभरको पहिलो र पाँचौ बलमा चौका प्रहार गर्दै साहले राम्रो सुरुआत गरे । दोस्रो ओभरको पहिलो बलमा एक रन लिएर आशिफले साहलाई स्ट्राइक दिए । साहले दोस्रो ओभरको दोस्रो, चौथो र अन्तिम बलमा छक्का प्रहार गरे ।

नेपालले तेस्रो ओभरमा आशिफको एक चौकासहित छ रन बटुल्यो । चौथो ओभरमा एक चौथासहित नेपालको खातामा सात रन थपियो । पाँचौ ओभरमा आशिफले एक छक्का प्रहार गरे भने छैटौँ ओभरमा दुई चौकाको सहयोगमा १० रन बटुलेपछि नेपालले 'पावरप्ले'मा नौ दशमलव ३३ रनरेटको औसतमा ५६ रन बनायो ।

पावरप्लेपछि नेपालको रनको गति सुस्त भयो । सातौ ओभरमा जम्मा चार रन आयो भने आठौ ओभरमा एक चौकाको सहयोगमा छ रन थपियो । नवौं ओभरमा जम्मा चार रन थपिँदा नेपालले विना विकेट ७० रन बनायो ।त्यसपछि नेपालले लय बिग्रियो । दसौँ ओभरको पहिलो बलमा हर्ष ठाकरले अनिल साहको विकेट लिए । त्यसपछि सोही ओभरमा नेपालले चार रन थप्यो । एघारौँ ओभरमा नेपालले दोस्रो विकेटका रुपमा आशिफलाई गुमायो । उनलाई साद विन जाफरले आउट गरे ।

नेपालको विकेट झर्ने क्रम १२औँ ओभरमा पनि जारी रह्यो । कप्तान रोहित पौडेल व्यक्तिगत चार रनमा हर्ष ठाकरको सिकार भए । लगातार तीन ओभरमा १० रन जोड्दा तीन विकेट गुमाएको नेपाल त्यसपछि दबाबमा पर्‍यो । तेह्रौँ ओभरमा जम्मा दुई रन आयो भने १४औँ ओभरमा नेपालले कुशल मल्लका रुपमा चौथो विकेट गुमायो । मल्लले व्यक्तिगत चार रन बनाउँदा प्रवीन कुमारले आउट गरे ।

नेपालले १५औँ ओभरमा चार रन र १६औँ ओभरमा छ रन मात्रै बटुल्न सक्यो । १७औँ ओभरको दोस्रो बलमा गुलसन झाले छक्का प्रहार गर्दै केही आशा जगाए । उक्त ओभरमा नेपालले नौ रन जोड्न सक्यो । तर १८औँ ओभरको तेस्रो बलमा नेपालले कुशल भुर्तेलका रुपमा पाँचौ विकेट गुमायो । सोही ओभरको अन्तिम बलमा गुलसनले व्यक्तिगत दोस्रो छक्का प्रहार गरे । नेपालले १९औँ ओभरमा एक चौकासहित १२ रन जोड्यो । अन्तिम ओभरको चौथो बलमा दीपेन्द्र सिंह ऐरी व्यक्तिगत १३ रनमा आउट भए । त्यसपछि सोही ओभरको पाँचौ बलमा करण केसीको छक्काको सहयोगमा नेपालले उक्त ओभरमा ११ रन जोड्यो ।पहिलो नौ ओभरमा सात दशमलव ४० को औसतले रन बनाएको नेपालले पारी सकिँदा छ दशमलव ९५ औसतमा १३९ रन मात्रै बनाउन सक्यो ।

नेपाललाई मध्यमक्रममा समेट्ने क्रममा क्यानडाका लागि हर्ष ठाकरले दुई विकेट लिए । साथै दिलोन हेलिङ्गर, अखिल कुमार, प्रवीण कुमार र साद विन जफरले समान एक/एक विकेट झारे । एक सय ४० रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रिएको क्यानडाको सुरुआत मध्यम रह्यो । पहिलो छ ओभरमा क्यानडाले एक विकेटको क्षतिमा ३४ रन मात्रै बनाउन सक्यो ।

नेपालका लागि पहिलो दुई विकेट लिँदै ललित राजवंशीले केही आशा जगाए । राजवंशीले पाँच दशमलव एक ओभरमा पहिलो विकेटका रुपमा नवनित धालिवाललाई आउट गरे । धालिवालले १६ बल खेल्दै दुई चौकाको सहयोगमा १२ रन मात्रै बनाउन सके । क्यानडाले दोस्रो विकेट आठौँ ओभरको पाँचौ बलमा गुमायो । हर्ष ठाकरलाई व्यक्तिगत ११ रनमा रोक्दै पवेलियन फर्काए ।

त्यसपछि नेपालले १२ औँ ओभरमा महत्वपूर्ण दुई वटा सफलता प्राप्त गर्‍यो । उक्त ओभरको तेस्रो बलमा सोमपाल कामीले निकोलस किर्तनलाई व्यक्तिगत २६ रनमा आउट गरे । किर्तनले १४ बलमा दुई छक्का र एक चौका प्रहार गरे । सोही ओभरमा चौथो बलमा ओपनर दिलप्रित बाज्वा २५ रन बनाउँदै रन आउट भए ।

त्यसपछि क्यानडाको रनको गति सुस्त भयो । उसले १३औँ ओभरमा एक चौकासहित छ रन जोड्यो भने १४औँ ओभरमा जम्मा तीन रन मात्रै थप्यो । नेपालका लागि सन्दीप लामिछानेले १५औँ ओभरमा थप दुई सफलता दिलाए । उनले उक्त ओभरको पहिलो बलमा श्रेयस मोभालाई व्यक्तिगत आठ रन र सोही ओभरमा तेस्रो बलमा दिलोन हेलिङ्गरलाई खाता खोल्न नदिइ पवेलियन फर्काए ।

क्यानडालाई अन्तिम पाँच ओभरमा १० रनको औसतले ५० रन बनाउनुपर्ने थियो । सोह्रौँ ओभरमा क्यानडाले एक चौकासहित आठ रन र १७औँ ओभरमा एक चौकासहित नौ रन जोड्यो । त्यसैगरी १८औँ ओभरमा सोमपाल कामीले एक चौका र नो बलसहित १२ रन खर्चिए ।

उन्नाइसौँ ओभरमा बलिङका लागि आएका करण केसीले महत्वपूर्ण १८ रन दिए । केसीको पहिलो बलमा छक्का र दोस्रो बलमा चौका प्रहार गर्दै साद विन जफरले खेललाई आफ्नो नियन्त्रणमा लिए । तेस्रो बलमा जफरले एक रन लिँदै स्ट्राइक रवीन्द्रपल सिंहलाई दिए । सिंहले सोही ओभरको चौथो बलमा छक्का प्रहार गर्दै क्यानडालाई जित नजिक पुर्‍याए ।

क्यानडालाई अन्तिम ओभरमा तीन रन आवश्यक भयो । अन्तिम ओभरको पहिलो बलमा दीपेन्द्र सिंह ऐरीले एक रन खर्चिए । त्यसपछि क्यानडाले वाइडमार्फत अतिरिक्त एक रन प्राप्त गर्दा स्कोर बराबरीमा पुग्यो । उक्त ओभरको तेस्रो बलमा जफरले विजयी रन प्रहार गरे ।

क्यानडासामू मध्यम लक्ष्य प्रस्तुत गरेको नेपाल डेथ ओभरमा सम्हालिन नसक्दा क्यानडाले सहजै जित दर्ता गर्‍यो । नेपालका लागि ललित राजवंशी र सन्दीप लामिछानेले दुई/दुई र सोमपाल कामीले एक विकेट लिए । अठार बलमा ३३ रन बनाउनुका साथै एक विकेट लिएका साद विन जफर प्लेयर अफ द म्याच घोषित भए ।शृंखलाअन्तर्गत नेपालले आफ्नो तेस्रो खेल बुधबार ओमानविरुद्ध खेल्नेछ ।रासस

# अफगानिस्तानमा बाढीका कारण १३ जनाको मृत्यु ,१६ घाइते

सिन्ह्वा

काबुल । अफगानिस्तानमा भारी वर्षाले नित्याएको आकस्मिक बाढीका कारण कम्तीमा १३ जनाको मृत्यु हुनुका साथै अन्य १६ जना घाइते भएको देशको राष्ट्रिय विपद् व्यबस्थापनका अधिकारीले मङ्लबार बताएका छन् ।

विगत दश दिनदेखि परेको भारी वर्षाले गजनी, लघमान, नङ्गरहार, फराह, पक्तिया, बदघिस, हेरात र दयाकुन्डी प्रान्तमा आकस्मिक बाढी ल्याएको राष्ट्रिय विपद् व्यबस्थापनका प्रवक्ता मुल्लाह जनान स्याकले बताउनु भएको छ ।

स्याकका अनुसार बाढीले अन्य प्रान्तहरूमा पनि ठुलो मात्राामा सम्पत्ति क्षति पुर्याउदा १०९ वटा आवासीय घरहरू पूर्ण वा आंशिक रूपमा ध्वस्त भएका छन् भने लगभग ६५० हेक्टर खेतीयोग्य जमिन बगाएको छ ।गत मे देखि परेको निरन्तरको वर्षाले गर्दा भएका दुर्घटनाहरूमा ४०० भन्दा बढीको मृत्यु हुनुका साथै सयौं घाइते भएका छन्, भने गम्भिर आर्थिक क्षति भएको जनाइएको छ ।

# म्यानमामा बढ्दो द्वन्द्वकाबीच जनगणना, विरोध जारी

एएफपी

याङ्गन । म्यानमामा जुन्टा विरोधी समूहले बहिष्कार गरेको राष्ट्रिय जनगणना लागि प्रहरी र सैनिकहरूद्वारा संरक्षित जनगणनाकर्ताहरु बुधबार मैदानमा उत्रिएका छन् ।

देशको ठुलो क्षेत्रमा आफ्नो नियन्त्रण गुमाए पनि सत्तारूढ जुन्टाले जनगणनाका लागि दबाब दिइरहेको छ । म्यानमाको धेरै भागमा रक्तपातपूर्ण द्वन्द्व फैलिएको छ, तर सन् २०२५ मा हुने वाचा गरिएको चुनावअघि मतदाता सूची अद्यावधिक गर्न जनगणना आवश्यक रहेको जुन्टाले बताएको छ । सैनिक र सशस्त्र प्रहरीको साथमा गणकको टोलीहरू जनगणनाका लागि याङ्गुनमा घर-घर पुगेका छन् ।



"विद्यालयका शिक्षक, स्थानीय अधिकारी, प्रहरी र स्थानीय सैन्य सदस्यहरूले जनगणना गरिरहेका छन् । आधारभूत सैन्य प्रशिक्षणमा सहभागी भएका मिलिसियाहरूले आफ्नो क्षेत्रमा सुरक्षाको लागि सहयोग गरिरहेका छन्", एक सैन्य अधिकारीले बताउनुभयो । "आतङ्कवादीहरूको खतराका कारण हामीले जनगणनाका लागि कडा सुरक्षा व्यवस्था लागू गरेका छौँ", उहाँले भन्नुभयो ।

जनरल मिन आङ ह्लाइङको नेतृत्वमा रहेको जुन्टाले यसको विरोधमा स्थापना भएको जातीय अल्पसङ्ख्यक सशस्त्र समूहहरू र प्रजातन्त्र समर्थक "पिपुल्स डिफेन्स फोर्स" (पिडिएफ)को विरोधका बावजुद यो जनगणना आयोजना गरेको हो । सेनाले यी समूहहरू मध्ये धेरैलाई "आतङ्कवादी" का रूपमा नामित गरेको छ तर गत हप्ता देशको गृहयुद्धमा वार्ताका लागि उनीहरुलाई अभूतपूर्व निमन्त्रणा जारी गरेको थियो ।

मङ्गलबारबाट सुरु भएको तथ्याङ्क सङ्कलनमा मिन आङ ह्लाइङ र अन्य वरिष्ठ जुन्टा कार्यकर्ताहरूबाट जनगणना सुरु भएको थियो । यो सर्वेक्षण अक्टोबर १५ सम्मका लागि निर्धारित गरिएको छ ।

# भियतनामको चिडियाखानामा बर्डफ्लूको कारण ४७ बाघको मृत्यु

एएफपी

हनोई । 'एच ५ एन १' बर्ड फ्लू भाइरस सङ्क्रमणका कारण दक्षिण भियतनामको चिडियाखानामा ४७ बाघ, ३ वटा सिंह र एक प्यान्थरको मृत्यु भएको सरकारी मिडियाले बुधबार जनाएको छ ।

आधिकारिक भियतनाम समाचार एजेन्सी (भिएनए) का अनुसार अगस्ट र सेप्टेम्बरमा लङ एन प्रान्तमा रहेको निजी माई क्विन्ह सफारी पार्क र डोङ नाइमा रहेको भुओन जोई चिडियाखानामा जनावरहरुको मृत्यु भएको हो ।

"नेसनल सेन्टर फर एनिमल हेल्थ डायग्नोसिस"को परीक्षणको नतिजाअनुसार जनावरहरूको मृत्यु "एच५एन१ टाइप-ए भाइरसको सङ्क्रमणबाट भएको भिएनएले जनाएको छ ।चिडियाखानाहरूले यस विषयमा कुनै पनि टिप्पणी गर्न अस्वीकार गरेका छन् । वन्यजन्तु संरक्षणमा केन्द्रित गैरसरकारी संस्था "एजुकेशन फर नेचर भियतनाम (इएनभी)" ले सन् २०२३ को अन्त्यमा भियतनाममा कुल ३ सय ८५ बाघ बन्दी अवस्थामा रहेको बताएको छ ।

# हाइटीमा सात लाखभन्दा बढी विस्थापित, आधा बालबालिका- संयुक्त राष्ट्रसंघ

एएफपी

जेनेभा । गिरोह हिंसाले हाइटीलाई तहसनहस पारिरहेको बेला मुलुकमा हाल सात लाखभन्दा बढी मानिस घरबाट विस्थापित भएको र तीमध्ये आधा बालबालिका रहेको संयुक्त राष्ट्रसङ्घले बुधबार बताएको छ ।

विश्वको सबैभन्दा गरिब मुलुकमध्येको एक हाइटी अराजकतामा फसेको छ, गिरोहहरूले राजधानी पोर्ट-अउ-प्रिन्स कब्जा गरेका छन् र सुरक्षा तथा स्वास्थ्य प्रणालीहरू ध्वस्त भएका छन् ।

राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) का अनुसार सेप्टेम्बरको सुरुसम्म यस क्यारेबियन मुलुकमा करिब सात लाख दुई हजार नौ सय ७३ मानिस विस्थापित भएका थिए । "यी पछिल्ला आँकडाहरूले जुन महिनायता आन्तरिक रूपमा विस्थापितहरूको सङ्ख्या २२ प्रतिशतले बढेको देखाउँछ र यसले बिग्रँदो मानवीय स्थितिलाई उजागर गरेको छ", यस सङ्कटमा अन्तर्राष्ट्रिय समुदायको व्यापक ध्यानाकर्षणका लागि आह्वान गर्दै आइओएमले भनेको छ । "विस्थापनमा तीव्र वृद्धिले निरन्तर मानवीय प्रतिक्रियाको तत्काल आवश्यकतालाई उजागर गर्दछ", हाइटीमा आइओएमका प्रमुख ग्रेगोइर गुडस्टेनले भन्नुभयो, "यी चुनौतीहरूको सामना गर्दा उल्लेखनीय लचकता देखाइरहेका अन्तर्राष्ट्रिय समुदायलाई हाइटीका विस्थापित जनसङ्ख्या र आतिथ्य समुदायहरूलाई समर्थन बढाउन हामी आह्वान गर्दछौं ।"



प्रतिवेदनअनुसार विस्थापित भएकाहरू मध्ये करिब ७५ प्रतिशत अहिले मुलुकका प्रान्तहरूमा आश्रय लिइरहेका छन् ।

बाँकी पोर्ट-अउ-प्रिन्समा छन् भन्दै आइओएमले त्यहाँ स्थिति अझै अस्थिर र अनिश्चित रहेको बताएको छ । आइओएमका अनुसार पोर्ट-अउ-प्रिन्समा मानिसहरू आधारभूत सेवाहरूमा न्यून वा कुनै पहुँच नभएका प्राय भीडभाडयुक्त स्थानहरूमा बसिरहेका छन् । विस्थापितमध्ये ८३ प्रतिशतलाई परिवारहरूले आश्रय दिइरहेका छन् ।

"स्रोतहरूमा दबाब अत्यधिक छ, अधिकांश आतिथ्य परिवारहरूले उल्लेखनीय कठिनाइ भएको रिपोर्ट गरिरहेका छन्, यसमा खाद्यान्न अभाव, अत्यधिक भारयुक्त स्वास्थ्य सुविधा र स्थानीय बजारहरूमा आवश्यक आपूर्तिको अभाव समावेश छन्", आइओएमले भनेको छ, "प्रभावितहरूको पीडा तत्काल कम गर्न मानवीय सहायताका साथै मुलुकभर स्थिरता र सुरक्षा पुनःस्थापना गर्ने प्रयासहरू जारी राख्नु महत्त्वपूर्ण छ ।"

यस वर्ष हाइटीमा 'संवेदनहीन' गिरोह हिंसामा तीन हजार छ सयभन्दा बढी मानिसको मृत्यु भएको राष्ट्रसङ्घीय मानवाधिकार कार्यालयले शुक्रबार बताएको थियो ।सन् २०२३ अक्टोबरमा राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले केन्याको नेतृत्वमा हाइटी प्रहरीलाई सघाउन बहुराष्ट्रिय स्थिरीकरण बल पठाउन अनुमति दिएको थियो ।

# पर्वका लागि छुट मूल्यमा चामल बिक्री सुरु



जनकपुरधाम । नजिकिँदो पर्वलाई लक्षित गरी सरकार ीस्तरबाट सहुलियत तथा छुट मूल्यमा जनकपुरधाममा चामल बिक्री सुरु भएको छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय जनकपुरधामले सहुलियत मूल्यमा चामल बिक्री सुरु गरेको हो । सो कार्यालयका कार्यालय प्रमुख गङ्गाप्रसाद साहका अनुसार अरुवा सोना मन्सुली तथा बासमती चामल सहुलियत तथा छुट मूल्यमा बिक्री सुरु भएको छ।

अरुवा सोना मन्सुली प्रतिकेजी रु ६० तथा बासमती चामल प्रतिकेजी रु ११८ का दरले मूल्य निर्धारण गरिएको छ। उक्त मूल्य बजार मूल्यभन्दा प्रतिकिलो रु पाँचले सस्तो हो । मुजेलियास्थित खाद्यको कार्यालय हाताभित्र आजदेखि सुरु भएको सहुलियत दरको चामल बिक्री माघ २ गतेसम्म रहने प्रमुख साहले जानकारी दिनुभयो।

सो सहुलियत तथा छुट मूल्यका लागि २०० क्विन्टल चामलको कोटा निर्धारण गरिएको छ ।रासस

# टेलिफोन र इन्टरनेट सेवा प्रदायकको करिब ३० करोडको क्षति

काठमाण्डु । केही दिनअघि निरन्तर वर्षाका कारण सिर्जित बाढीपहिरो, डुबानलगायत समस्याबाट टेलिफोन र इन्टरनेट सेवा प्रदायक कम्पनीको करिब ३० करोड बराबरको क्षति भएको प्रारम्भिक आकलन गरिएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार इन्टरनेट सेवा प्रदायक कम्पनीको क्षतिको विवरण अझै पूर्ण रुपमा आइसकेको छैनभने टेलिफोन सेवा प्रदायक दुई कम्पनी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (एनटिसी) र एनसेल आजिअटा लिमिटेड (एनसेल) को मात्र करिब रु २२ करोड बराबरको क्षतिको अनुमान गरिएको छ।

"एनटिसीको करिब रु १५ करोड र एनसेलको करिब रु सात करोड बराबरको क्षति भएको प्रारम्भिक विवरण आएको छ। त्यस्तै, हालसम्म १५ इन्टरनेट सेवा प्रदायकहरुबाट विवरण सङ्कलन भइसकेकामा यस्ता कम्पनीहरुको करिब रु साढे सात करोड बराबरको क्षति भएको प्रारम्भिक तथ्याङ्क छ", प्राधिकरणका सहायक प्रवक्ता डा प्रदीप पौड्यालले रासससँग भन्नुभयो । इन्टरनेट सेवा प्रदायकहरुबाट थप क्षतिको विवरण सङ्कलन भइरहेको पनि उहाँले बताउनुभयो।

बाढीपहिरो, डुबान, चट्ट्याङलगायत समस्याबाट विद्युत् आपूर्ति अवरोध भएका कारण मुलुकको धेरै स्थानमा टेलिफोन र इन्टरनेट सेवा पनि अवरुद्ध भएको थियो। विद्युत् आपूर्ति सहज भएसँगै क्रमशः दूरसञ्चार सेवा पनि पुनः सञ्चालनमा आएको डा पौड्यालको भनाइ छ।

पोल ढल्ने, तार चुँडिनेलगायत समस्या देखिएका ठाउँमा द्रुत टोली खटाएर सेवा सुरु गर्न कम्पनीहरुलाई निर्देशन दिइसकेको पनि उहाँले जानकारी दिनुभयो। टेलिफोन र इन्टरनेट अत्यावश्यक वस्तु भएकाले यस्तो सेवा अवरोध नहोस् भन्नका लागि प्राधिकरण चनाखो रहेको पनि उहाँले बताउनुभयो ।रासस

# सिन्धुलीमा सडक पूर्वाधारसहित कृषिबालीमा ठूलो नोक्सानी



काठमाण्डु । केही दिनअघिको अविरल वर्षाका कारण सिन्धुलीको गड्तिर भेगमा सडक, पुल, भवन, खानेपानीलगायत पूर्वाधार र कृषिबालीमा ठूलो नोक्सानी भएको छ । यस भेगका विभिन्न क्षेत्रमा आवासीय तथा व्यावसायिक भवन डुबानमा परेका छन् भने विद्यालय भवन र स्वास्थ्य संस्थाहरु पनि ठूलो सङ्ख्यामा प्रभावित भएका छन्। खानेपानी र विद्युत् आपूर्तिमा समस्या देखिएको छ । पाक्ने बेलाको धानबालीमा नदी र खोला पसेर क्षति पुऱ्याएको छ।

विपद्पछि तीनवटै तहका सरकारको सहयोग र समन्वयमा प्राथमिकता निर्धारण गरी राहत तथा पुनःस्थापनाका कार्यक्रमहरु सुरु गरिएका छन् । घर आवास नै गुमाएका परिवारहरुलाई अस्थायी आवास र खाद्यान्नलगायत आधारभूत आवश्यकताका सामग्री वितरणमा स्थानीय सरकार जुटेका छन् । यसै सन्दर्भमा सिन्धुली जिल्लामा बाढीपहिरो र डुबानले गरेको क्षति, राहत तथा पुनःस्थापना तथा विपद् पछिको व्यवस्थापनको अवस्थाबारे त्यहाँका जनप्रतिनिधिसँग राससले गरेको कुराकानीको सम्पादित अंश :

**'विपद् प्रभावितलाई दसैअघि नै घर पस्ने वातावरण बनाउँछौँ': सांसद लेखनाथ दाहाल**

बाढी, पहिरो र डुबानका कारण सिन्धुली जिल्लाको सुनकोशी, गोलन्जोर र फिक्कल गाउँपालिकामा मात्रै करिब एक हजार ५०० बिघा क्षेत्रफलमा लगाएको धानबाली नष्ट भएको छ। विपद्का कारण जिल्लाका यी तीनवटा पालिका सबैभन्दा बढी प्रभावित भएका छन्। त्यस्तै, सुनकोशी गड्तिर क्षेत्रमा मात्रै करिब छ सय बिघा खेतीयोग्य जमिनमा सुनकोशी नदी र रोशी खोलाले पुरेर बालीनालीमा क्षति पुऱ्याएको छ। खेत खण्डहरमा परिणत भएका छन्।

जिल्लामा प्राकृतिक प्रकोपको असर अकल्पनीय र क्षति ठूलो छ। छोटो समयमा आधुनिक र पर्यटकीय सहरतर्फ उन्मुख भइरहेका खुर्कोट, नेपालथोक र मूलकोटमा अर्बौंको लगानीमा खोलिएका होटल र रिसोर्टमा ठूलो क्षति पुगेको छ । फाँटहरु नदी कटानमा परेका छन् । निजी घर, विद्यालय, वडा कार्यालयलगायत संरचना र बस्ती डुबानमा परेर क्षति पुगेको छ। बाढीले घर पुरिएकाले घरभित्रका सामानहरु के-कस्तो अवस्थामा छ भन्ने हालसम्म यकिन नभएकाले पीडितहरु चिन्ता छन्।

कैयौँ घरका सटर बाढीको बालुवाले छोपेको छ। अहिले प्रभावित क्षेत्रमा १०/१२ वटा 'ब्याकहो लोडर' र डोजर लगाएर पुरिएको र बिग्रेभत्केको ठाउँको मर्मतसम्भार गर्ने कार्य भइरहेको छ । जनतालाई दसैँ अगाडि घरभित्र पस्ने वातावरण बनाउने लक्ष्यका साथ पुनःनिर्माण र उद्धार कार्यलाई तीव्र तुल्याइएको छ । नदी कटान भएको ठाउँमा व्यवस्थित योजनासहित वैकल्पिक मार्ग निर्माण गर्ने र कोशी किनारलाई तटबन्ध गर्ने कार्यलाई प्राथमिकतामा राखेर धमाधम काम सुरु भएको छ।

नेपालथोकदेखि भकुण्डेसम्म मुख्य रुपमा सडकमा ठूलो समस्या छ। करिब तीन किलोमिटर सडक पूर्ण रुपमा क्षति भएको छ। त्यस स्थानमा वैकल्पिक मार्ग बनाएर सवारी आवागमन सहज बनाउने प्रयासमा लागेका छौँ । सुनकोशी माथिको सित्खा, खुर्कोट र रोशीका विभिन्न ठाउँमा पक्की पुलसमेत बाढीले बगाएको अवस्था छ।

बाटो मर्मतका लागि भाडामा लिइएका लोडर, डोजरहरु स्थानीय सरकारबाट इन्धनको व्यवस्था मिलाइएको छ। खानेपानी र विद्युत्को ठूलो समस्या समाधान हुँदै गएको छ। यो समस्या केही दिनभित्रै हल हुनेछ। सबै स्थानीय सडकहरु क्षतिग्रस्त छन्। सडकसँगै विद्युत्का पोलहरु पनि ढलेका छन् । रोशी र कोशीदेखि फिक्कलसम्ममा ५२ वटा विद्यालय भत्केको र डुबानमा परेको प्रारम्भिक विवरण आएको छ । केही स्वास्थ्य चौकीका बाहिरी पर्खालहरु भत्किएका छन्।

प्रदेश र सङ्घ सरकारबाट राहत र पुनःस्थापनाको प्रतीक्षामा छौँ । उधारोमा काम गरिएको छ। आवश्यक स्वास्थ्यकर्मी परिचालन, इन्धनलगायत सुविधाका लागि विभिन्न निकायसँग समन्वय भइरहेको छ । सामूहिक भोजन र अत्यावश्यक सामग्रीसहित राहतका प्याकेट पनि वितरण गराइएको छ । तत्कालका लागि दाल चामल, नुनतेल जस्ता आधार भूत खाद्य सामग्री स्थानीय सरकारबाट उपलब्ध गराइएको छ।

**'सडक खुलाउने कार्य प्राथमिकतामा छ' : राजु बराल, उपाध्यक्ष-फिक्कल गाउपालिका**

फिक्कलमा नदी कटान र डुबानबाट निकै ठूलो क्षति भएको छ । खेतीयोग्य जमिनमा नदीको भङ्गालो पसेका छन् । केही घर बगाएको छ। पालिकाको सुम्नाडबैंसी, झहरे, सोखुबैंसी, सर्किनीबैंसी, बान्द्रेबैंसीलगायत स्थान बढी प्रभावित भएका छन्। विद्यालय भवन, झोलुङ्गे पुल, स्वास्थ्यचौकीहरुमा क्षति पुगेको छ।उद्धार, राहत र पुनःस्थापनाका कार्यक्रम सुरु भइसकेका छन् । अब व्यवस्थित रुपमा कसरी जाने भनेर सर्वदलीय बैठक बोलाएर त्यसको निर्णयका आधारमा हामी अघि बढ्छौँ । क्षतिका आधारमा राहत दिनेगरी तयारी भइरहेको छ। डोजरहरु प्रयोग गरेर बाटो खोल्ने काम भइरहेको छ । हामी सडक खुलाउन लागिरहेका छौँ।

**'खुर्कोटमा ३५ घर पूर्ण रुपमा क्षति भएका छन्': ज्वालाप्रसाद न्यौपाने, उपाध्यक्ष-गोलन्जोर गाउँपालिकाका**

पालिकाको खुर्कोट क्षेत्रमा मात्र करिब ३५ घरमा क्षति हुँदा ६२ परिवार पूर्ण रुपमा प्रभावित भएका छन् । त्यो क्षेत्रमा ४० वटाको हाराहारी पसलमा क्षति पुगेको छ। के-कति धनजनको क्षति भएको भन्ने विवरण सङ्कलन हुँदैछ। त्यस्तै, बलेनी क्षेत्रमा ११ घर डुबाएको छ। मुर्की, च्याकुटारबैंसी, र बलेनीका तीनवटा प्राथमिक विद्यालय डुबानमा परेका छन्। पालिकाको छ नम्बर वडा कार्यालयमा पनि बाढी पसेर क्षति पुगेको छ।

मध्यपहाडी लोकमार्गअन्तर्गत हैबार, हर्देनी, कुखुरेटारमा ठूलो पहिरोका साथै त्यहाँका झोलुङ्गे पुलमा क्षति पुगेको छ । खुर्कोटका दुईवटा र दिङदिङको माथिल्लो क्षेत्रको पुल बगेको छ। मध्यपहाडी राजमार्ग पुरैजसो पुनः निर्माण गर्नुपर्ने भएको छ । सबै बिग्रिएको छ । त्यसमा करोडौँ खर्च हुने देखिएको छ । सिन्धुलीमा सुनकोशीपछि गोलन्जोर गाउँपालिकामा बढी क्षति देखिएको छ।

गोलन्जोर गाउँपालिका क्षेत्रको मध्यपहाडी राजमार्गमा भएको अवरोध हटाउन दुईवटा डोजर प्रयोज भइरहेका छन्। मङ्गलबार अक्करेभीर क्षेत्रको अवरोध हटाइएको छ । नेपालथोकबाट घुर्मीसम्म बिपी राजमार्ग र मध्यपहाडी राजमार्गका धेरै ठाउँमा सडक भत्किएको, भासिएको, माथिबाट पहिरो खसेर ठूलो क्षति भएको छ । सडक भएको ठाउँमा नदीको भङ्गालो र खोलो पसेको छ ।गोलन्जोरको मात्र करिब ३० बिघा धान खेतमा क्षति पुगेको छ। खुर्कोट, दिङदिङ, हैबार, मुर्की, कुखुरेटारलगायत क्षेत्र बढी प्रभावित भएका छन् ।रासस

# नेपाल एसबिआई बैंक लि. द्धारा स्वच्छ तथा हरियाली वातावरण प्रवर्द्धन गर्न सहयोग

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एसबिआई बैंक लि. ले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत स्वच्छ तथा हरियाली वातावरण प्रवर्द्धन गर्ने उद्देश्यले बरगाछी-रानी डिभाइडर सौन्दर्यकरण समिति, विराटनगरलाई बरगाछी-रानी ६ लेन सडकमा बृक्षरोपण कार्याक्रमक लागि आर्थिक सहयोग गरेको छ। उक्त सहयोग रकम बैंकका कोशी प्रदेश प्रमुख रबिन घिमिरेले बिराटनगर महानगरपालिकाका मेयर, नागेश कोइरालालाई औपचारिक रुपमा हस्तान्तरण गरेका थिए। सो कार्यक्रममा बैंक तथा महानगरपालिकाका अन्य पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो । बैंकले दिगो विकास तथा वातावरण संरक्षण गर्ने उदेश्यले यस्ता गतिविधिहरू समय समयमा सञ्चालन गर्दै आएको छ।



हाल बैंकले १००शाखा, २२ एक्सटेन्सन काउण्टर, ७प्रदेश कार्यालय, १९शाखारहित बैंकिङ सेवा, १२१ एटीएमर १कर्पोरेट कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ।

# मधेशमा धानखेती तहसनहस

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बाढीपहिरो र डुबानबाट व्यापक क्षति भएको छ। पशुपक्षी तथा मत्स्यपालनसँगै खेतीयोग्य जमिन र कृषि पूर्वाधार पाँच अर्बभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ।

कृषि विज्ञहरुका अनुसार अन्न भण्डारणका रूपमा परिचित मधेशमा धानखेत डुबेको छ भने बाला लागेको धान र माछा पोखरी डुब्दा करोडौँको क्षति भएको छ।

कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले मनसुनजन्य विपत्बाट सिर्जित परिस्थितिका सन्दर्भमा छलफल गरी छिटोभन्दा छिटो कृषि क्षेत्रको क्षतिका तथ्यांक संकलन गरी आगामी रणनीति बनाउन कर्मचारीलाई निर्देशन दिए बताए। सात वटै प्रदेशबाट क्षतिको विवरण माग्ने कामले तीव्रता पाउँदा अहिले प्रारम्भिक क्षति विवरण तयार पारिएको उनले बताए।

प्रारम्भिक विवरणानुसार विपत्बाट धान बालीमा ठूलो क्षति भएको मन्त्रालयका सूचना अधिकारी वरिष्ठ कृषि अर्थविद् महानन्द जोशीले बताए। कृषि अर्थविद् जोशीले बताए अनुसार मधेश प्रदेशको धानखेती तहसनहस भएको छ । मधेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा धान बाली क्षति भएको छ।

मधेश प्रदेशको कृषि विकास निर्देशनालयले जनाए अनुसार वर्षाले मधेश प्रदेशमा कृषि क्षेत्रमा पाँच अर्ब ३३ करोड ७५ लाख रुपैयाँको क्षति पुऱ्याएको प्रारम्भिक विवरणमा जनाइएको छ । प्रदेशका ८ जिल्लाबाट प्राप्त प्रारम्भिक विवरणानुसार ४२ हजार ६९ हेक्टरमा लगाइएको धान बालीमा क्षति पुगेको अनुमान छ।



त्यस्तै चार हजार तीन सय ९३ हेक्टरमा लगाइएको सागसब्जी नष्ट हुँदा एक करोड ३२ लाख रुपैयाँ, २२ हेक्टर क्षेत्रमा लगाइएको फलफूलमा क्षति हुँदा ४४ लाख रुपैयाँ र ८५ हेक्टरको उखुमा क्षति पुग्दा तीन करोड ४० लाख रुपैयाँको क्षति भएको अनुमान गरिएको छ।

कृषि विकास निर्देशनालयका प्रमुख जितेन्द्र यादवका अनुसार दुई हजार तीन सय हेक्टर क्षेत्रमा मत्स्यपालन प्रभावित हुँदा रु २३ करोडको क्षति अनुमान गरिएको जनाए। डुबानका कारण १४ हजार दुई सय पाँचवटा पशुपक्षी मर्दा ७६ लाख रुपैयाँ मूल्य बराबरको क्षति भएको छ।

कृषि विकास निर्देशनालयका अनुसार मधेसका ८ जिल्लामध्ये सबैभन्दा धेरै रौतहटमा धान बालीमा क्षति भएको छ । रौतहटमा १० हजार दुई सय ४३ हेक्टरको धान बाली प्रभावित हुँदा एक अर्ब २२ करोड ९१ लाख ५० हजार रुपैयाँ, सप्तरीमा ९ हजार तीन सय ६७ हेक्टरको धान बाली नोक्सान हुँदा एक अर्ब २२ करोड ४० लाख ४० हजार रुपैयाँ, बारामा छ हजार चार सय ७२ हेक्टर क्षेत्रमा लगाइएको धान बालीमा बाढी र डुबानले प्रभावित हुँदा ७७ करोड ६६ लाख ४० हजार रुपैयाँको क्षति भएको छ।

त्यस्तै सर्लाहीमा छ हजार पाँच सय ८४ हेक्टर क्षेत्रको धान बाली क्षति हुँदा ६९ करोड रुपैयाँ, सिराहामा १५८.६ हेक्टरमा लगाइएको धानबालीमा क्षति भएको छ । पशुपक्षीमा सबैभन्दा बढी पशुधन नाश सर्लाहीमा भएको छ। मधेशमा १४ हजार दुई सय पाँच पशुपक्षी मरेका छ भने सर्लाही मात्र १० हजार पशुपक्षी नष्ट भएका छन्। धनुषामा ७ सय हेक्टर बालीमा क्षति भएको छ।

# लक्ष्मी इलेक्ट्रोटेकको डबल धमाका




**टुडे समाचारदाता**

काठमाण्डु। लक्ष्मी इलेक्ट्रोटेक प्रा.लि ले उपभोक्ताहरुको माझ डबल धमाका योजना प्रस्तुत गरेको छ। यस चाडबाडको उपलक्ष्यमा एलइटीले आफ्नो ग्राहकहरु मझ आकर्षक उपहारहरुको साथै बिशेष मूल्यमा बोसको घरायसी समानहरु उपलब्ध गराउने छ। ग्राहकहरुले प्रत्येक बोसको समानको खरिद मा एउटा बोसको मिक्सचर ग्राइन्डर प्राप्तगर्न सक्नेछन्।

यो योजना अन्तर्गत ग्राहकहरुले ३०% सम्मको छुट पनि प्राप्तगर्न सक्ने छन्। एलइटीका डाइरेक्टर अनुकूल श्रेष्ठ भन्छन् यसदसैं तथा तिहार को उपलक्ष्यमा आफ्ना ग्राहकमाझ डबल धमाका योजना अन्तर्गत जर्मनीको एक उत्कृष्ट क्वालिटीको ब्रान्ड घरमा ल्याइ आफ्नो खुसियाली मनाउँछन् भनि विश्वास गर्दछु। यो योजनाकार्तिक ३० सम्म देशभर लागु हुनेछ।

# आँबुखैरेनीमा उत्पादित सयपत्री बिक्रीका लागि तयार



दमौली । तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित याञ्चोकमा रोपिएको सयपत्री बिक्रीका लागि तयार भएको छ। यान्चोक लघुउद्यम महिला सङ्घले गत साउन २५ गते रोपेको सयपत्री बिक्रीका लागि तयार भएको हो।

सङ्घले ४० रोपनी क्षेत्रमा सयपत्री रोपेकामा पहिलो चरणमा दश रोपनी क्षेत्रफलको सयपत्री बिक्रीका लागि तयार भएको सङ्घका अध्यक्ष सुन्तली गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "४० हजार बिरुवा रोपिएको थियो, अहिले १० रोपनी क्षेत्रफलमा सयपत्री फूल बिक्रीका लागि तयारी अवस्थामा छ।"

यान्चोक लघुउद्यम महिला सङ्घमा आबद्ध ७० महिलाले सयपत्रीको फूलखेती गरेका छन्। महिला फूलखेतीमा आकर्षित रहेको बताउँदै उहाँले भन्नुभयो, "चाडपर्वलगायत अन्य कार्यक्रमका लागि सयपत्री बाहिरबाट ल्याउन नपरोस् भनेर पालिकाले थालेको अभियानमा हामीले साथ दिएका छौँ, पालिकाबाट पनि हामीलाई सहयोग भएको छ।" घरायसी काममा मात्रै व्यस्त महिलालाई स्वरोजगार बनाउने उद्देश्यसहित फूलखेती थालिएको उहाँको भनाइ छ।

गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले उत्पादित फूल बिक्रीका लागि पालिकाले सहयोग गर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "विगतका वर्षमा पनि बजारीकरणका लागि पालिकाले सहयोग गरेको हो, अहिले पनि फूल बिक्रीका लागि पालिकाले सहयोग गर्नेछ।

"विभिन्न सभा समारोह, कार्यक्रमका लागि फूल चाहिएमा गाउँपालिकाको कृषि शाखा वा महिला समूहमा सम्पर्क गर्न सकिने केसीले बताउनुभयो। केसीले भन्नुभयो, "गत वर्ष पहिलोपटक यसै ठाउँमा सयपत्रीको फूल रोपिएको थियो, उत्पादन राम्रो भयो, यहाँको सयपत्री कतारसम्म पुगेको थियो।"

सयपत्री फूलखेतीबाट महिला कृषक उत्साहित भएको भन्दै यस वर्ष पनि सयपत्री फूलखेतीलाई निरन्तरता दिइएको केसीले बताउनुभयो। उहाँका अनुसार गाउँपालिकाले ८५ प्रतिशत अनुदानमा सयपत्री फूलका बिरुवा उपलब्ध गराएको थियो । गाउँपालिकाले आयातीत तथा प्लास्टिकजन्य फूलमाला निरुत्साहित गर्ने प्रयासस्वरुप गतवर्षदेखि सयपत्री फूलखेतीलाई प्राथमिकता दिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । स्थानीय पुष्प व्यवसायीलाई प्रोत्साहित गर्ने उद्देश्यले गाउँपालिकाले गत वर्षदेखि अनुदानको कार्यक्रम अगाडि बढाएको थियो।

चुमानले भन्नुभयो, "धेरै मात्रामा प्लास्टिकजन्य फूल तथा माला प्रयोग भएको छ, यसले मानवीय स्वास्थ्य र वातावरणलाई समेत असर पुऱ्याइरहेको छ, स्थानीय स्तरमै फूल उत्पादन गरी बाहिरबाट ल्याउन नपर्ने अवस्था सिर्जना गर्ने हाम्रो उद्देश्य हो ।रासस

# समोसामा कीरा भेटिएपछि २० हजार जरिवाना



सिरहा । ग्राहकको स्वास्थ्यमाथि पटकपटक खेलवाड गरेको भन्दै लहानको माखन भोग होटललाई खाद्य तथा गुण नियन्त्रण कार्यालयले. रु २० हजार जरिवाना गरेको छ।

लहान नगरपालिकाका उपप्रमुख रामचलितर महतोको नेतृत्वमा मङ्गलबार गरिएको बजार अनुगमनका क्रममा उक्त होटलका समोसामा कीरा फेला परेपछि जारिवाना गरिएको हो। उपप्रमुख महतोको नेतृत्वमा खाद्य तथा गुण नियन्त्रण कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, राष्ट्रिय उपभोक्ता मञ्चसहितको संयुक्त टोलीले अनुगमन गरेको हो।

अनुगमन टोलीले कृष्णा सप्लायर्समा पनि लाखौँ मूल्य बराबरका म्याद गुज्रिएको पेयपदार्थ फेलापरेको छभने ऋषिजल पानी कम्पनीले 'मिनरल वाटर'को मूल्य बढी राखेर उपभोक्तालाई बिक्री गर्ने गरेको फेला पारेको छ। कृष्णा सप्लायर्सलाई तीन दिनभित्र म्याद गुज्रिएका रु एक लाख २५ हजार छ सय ८० मूल्यका कोक, स्प्राइट र बियरसहितका पेयपदार्थ नष्ट गर्न समय दिएको छभने ऋषिजल पानी कम्पनीलाई स्पष्टीकरण सोधेको छ।

संविधानको अनुसूची ६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय बजार अनुमगन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ ।रासस

# बडा दशैंको सम्पूर्ण तयारी पूरा

**टुडे समाचारदाता**




जनकपुरधाम। हिन्दुहरूको महान पर्व वडा दशैंको पूर्वसन्ध्यामा जनकपुरधामस्थित विभिन्न शक्तिपीठहरुलाई भव्यतासाथ सजाइएको छ।

प्रसिद्ध राजदेवी मन्दिरलाई विशेष रूपमा सिँगारिएको छ। प्रत्येक वर्ष दशैंको समयमा देवी दुर्गाको विशेष पूजा र आराधना गरिने यस मन्दिरमा यस पटक पनि भव्य तयारीका साथ सिँगार्न थालिएको छ।

सो मन्दिर व्यवस्थापन समितिले विगतका वर्षभन्दा उत्तम तयारी गरेर पर्यटकहरुको आर्षणको केन्द्र बनाउनमा जोड दिँदै मन्दिरलाई झकिझकाउ पार्न विशेष साजसज्जाको व्यवस्थासमेत गरेको छ। जसमा विद्युत् वत्तीहरू, फूलमालाले मन्दिरलाई सजाउने काम अन्तिम चरणमा छ।

विगतका वर्षभन्दा यस वर्ष महावीर युवा कमिटीले मन्दिरलाई आकर्षक रूपमा सजाएको छ। मन्दिरको मुख्य प्रवेशद्वारदेखि गर्भगृहसम्मका क्षेत्रहरूमा विशेष सजावट गरिएको छ। रंगीन वत्तीहरू, विद्युत बल्ब, झिलिमिली प्रकाश र फूलमालाले मन्दिरको शोभा बढाउने गरी सजावट गरिएको छ।

स्थानीय फूलका साथै विभिन्न स्थानबाट ल्याइएका आकर्षक सजावटका सामग्री र फूलले मन्दिरको शोभा बढाएको छ। मूल मूर्तिलाई विशेष रूपमा सजाइएको छ।

राजदेवी मन्दिर जनकपुरधामको एक मुख्य धार्मिक शक्ति स्थल रहेको छ। विजया दशमीको समयमा विशेष गरी महाअष्टमी र महानवमीका दिन मन्दिरमा हजारौं भक्तजनको उपस्थिति रहने गरेको छ।

विशेष गरी दशैंमा देवी दुर्गाको शक्ति र साहसको प्रतीकका रूपमा विशेष पूजा अर्चना हुँदै आएको छ। मन्दिरमा आउने भक्तजनले देवीको पूजाआजा गर्दै आफ्नो मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको छ।

त्यस्तै दशैंको बेला श्रद्धालुहरूको भीड नियन्त्रण गर्न तथा सुरक्षा व्यवस्थालाई मजबुत बनाउनका लागि पनि प्रहरीको विशेष परिचालन हुने गरेको छ। स्थानीय प्रशासन र महावीर युवा कमिटीलगायतका मन्दिर व्यवस्थापन समितिबीच समन्वयमा मन्दिर क्षेत्रमा प्रहरीको विशेष टोली परिचालन गरिएको छ। सीसीटीभी क्यामेरा जडान गरेर सुरक्षा निगरानीलाई सुदृढ बनाइएको कमिटीका अध्यक्ष अजयकुमार गुप्ताले जानकारी दिए।

उनले भक्तजनहरूको सुविधाका लागि मूलपूजा, कालरात्री पूजा, सुरक्षा, महाप्रसाद, खोइँच भराइ सिंगार, भक्तजनहरुको लाइन व्यवस्थापन, रावण दहन, भोजन व्यवस्थापन, विजय जुलुस, रमाइलो मेला, मन्दिर परिसरमा स्वच्छता र सरसफाइ गरी १३ समितिको संयोजकको समेत व्यवस्था गरिएको छ भने ५० जना स्वयंसेवक परिचालन गर्ने व्यवस्था मिलाइएको उनले बताए।

दशैंको समयमा जनकपुरधामका स्थानीय बासिन्दा मात्र नभई विभिन्न स्थानबाट आएका श्रद्धालु भक्तजनहरूले पनि राजदेवी मन्दिरमा विशेष पूजा आराधना गर्ने गरेका छन्। राजदेवी मन्दिरमा बली प्रदान गर्ने परम्पराले धार्मिक महत्व बोकेको छ। यस पटक राजदेवी मन्दिरमा प्रति बोका बलीका लागि ३ सय रुपैयाँ शुल्क कायम गरिएको अध्यक्ष गुप्ताले बताए। विगत वर्ष २ सय रुपैयाँ लिने गरेको थियो। भने यसवर्षदेखि १ सय रुपैयाँ बढाइएको छ।

त्यस्तैजनकपुरधामउपमहानगरपालिकाले बोका बली व्यवस्थापनका लागि १७ हजार बोरा उपलब्ध गराइने उनले बताए।

# मिटरब्याज पीडितद्वारा प्रहरी कार्यालय घेराउ



**टुडे समाचारदाता**

मलंगवा। मिटरब्याज पीडितहरुले जिल्ला प्रहरी कार्यालय घेराउ गर्दै प्रदर्शन गरेको छ।

मिटरब्याज पीडित संघर्ष समिति सर्लाहीले अनुचित लेनदेन सम्बन्धी मुद्दामा प्रहरीले ढिलासुस्ती तथा साहु महाजनको पक्षमा निर्णय गर्ने गरेको भन्दै आफूहरुले बुधबार प्रहरी प्रशासनविरुद्ध नारावाजीसहित जुलुस प्रदर्शन गरेको पीडितहरुले बताएका छन्।

अनुचित लेनदेन सम्बन्धी जिल्ला प्रहरी कार्यालय सर्लाहीमा अहिलेसम्म २ हजार ३ सय २६ वटा मुद्दा दर्ता भएको छ। जसमा ७ सय ७१ वटा मुद्दा फछ्र्यौट गरिएको छ भने १५ सय २४ मुद्दाको कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। जसमध्ये ३१ वटा मुद्दा मिलानमा कुरा नमिलेपछि आवश्यक कारबाहीका लागि मिटरब्याज सम्बन्धी कानुन २०८० बमोजिम मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाइएको सर्लाही प्रहरीले जनाएको छ।

यता मिटरब्याज पीडितहरुले प्रहरीमाथि साहु महाजनको पैसा लिएर महाजनहरुकै पक्षमा निर्णय गरेको भन्ने आरोप लगाउँदै आएको छ। मिटरब्याज पीडितहरु माथि साहु महाजनले गुण्डा परिचालन गरी कुटपिट गरिरहेको मिटरब्याज पीडित संघर्ष समिति सर्लाहीका अध्यक्ष रुकमनी चौधरीले बताइन्। उनले पीडितहरु माथि पिडकले अब कुटपिट गर्न थालेको छ।

कुटपिट हुँदा प्रहरीले समेत मिटरब्याज पीडितलाई दबाउन खोजेको आरोप उनले लगाइन्।

# बाढी डुबानबाट दुई हजारभन्दा बढी परिवार प्रभावित

**टुडे समाचारदाता**



मलंगवा। बाढी तथा डुबानका कारण सर्लाहीमा दुई हजारभन्दा बढी परिवार प्रभावित भएका छन्। लगातारको वर्षापछि बागमती नदी, लखन्देही, झिम, सोती, मनुस्मारालगायत खोलामा बाढी आएपछि दुई हजार ५३३ परिवार प्रभावित भएका छन्।

बाढीले बाँध फुटाएर गाउँमा पसेपछि जिल्लाको दक्षिण पश्चिममा रहेका आठवटा पालिका नै प्रभावित भएका छन्। बाढी र डुबानमा परेर २९० घर पूर्णरुपमा नष्ट भएको छ भने ५७४ घरमा आंशिक क्षति पुगेको जिल्ला विपत् व्यवस्थापन समिति सर्लाहीका संयोजकसमेत रहेका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीले जानकारी दिए।

त्यस्तै जिल्लामा एक हजार ६६९ घर बाढी पसेर डुबाएको छ। बाढी तथा डुबानमा परेर घरबारविहीन भएका परिवार नजिकैका आफन्तजनको घरमा शरण लिएर बसिरहेका प्रजिअ अधिकारीले बताए। केहीलाई स्थानीय प्रशासनले नजिकैका सार्वजनिक भवन तथा धर्मशालामा राखिएको छ। विस्थापितहरुलाई प्रहरी प्रशासनले खानेपानी तथा चिउरा, चाउचाउलगायत खाद्यान्न सामग्रीसमेत वितरण गरिरहेका उनले बताए।

बलरा नगरपालिकाको ११ वडामा १०६ वटा घर पूर्ण रुपमा र २८२ घरमा आंशिक क्षति पुगेको छ भने ५०८ घर बाढीमा डुबेको छ। बाढीमा डुबेका घरमा समेत पानी जमेकाले बस्न सक्ने अवस्था नरहेको बलरा नगरपालिकाका मेयर रामाशंकरप्रसाद कुशवाहाले बताए। जिल्लामा क्षतिको विवरण संकलन गरिरहेको जिल्ला विपत् व्यवस्थापन समितिले जनाएको छ। स्थानीय तह, विभिन्न संघसंस्थासँगको सहकार्यमा राहत पुऱ्याउने काम गरिरहेको प्रजिअ अधिकारीले बताए।

त्यस्तै रामनगर गाउँपालिका-१, २, ६ र ७ का गाउँमा ८१ घरमा पूर्ण रुपमा र ९० घरमा आंशिक क्षति पुगेका छभने ३३० घर डुबानमा परेको छ।

जिल्लाको ब्रह्मपुरी गाउँपालिकामा पनि झिम नदीको बाढी पस्दा त्रिभुवननगर गाउँका ४० घरमा आंशिक क्षति पुगेको छ भने १९० घर बाढीले डुबानमा पारेको छ। बागमती नदीको बाँध फुटेर पसेको पानीले बसवरिया गाउँपालिका-२, ढापटोलमा आठ घरमा पूर्ण क्षति पुगेको छभने ११७ घर डुबानमा परेको छ।

त्यस्तै सोती खोलामा आएको बाढीले बरहथवा नगरपालिका-४ स्थित हरपुर्वा गाउँमा पाँच घरमा आंशिक क्षति पुऱ्याएको छ भने चार घर डुबानमा परेको बरहथवा नगरपालिकाकी मेयर कल्पनाकुमारी कटुवालले बताए। चन्द्रनगर गाउँपालिका- १, २, ३, ४ र ५ का विभिन्न गाउँमा गरी ३२ परिवारको घर पूर्ण रुपमा र ५२ घरमा आंशिक क्षति पुगेको छ भने ३७० घर डुबानमा परेको जनाइएको छ। गाउँको अधिकांश कच्ची घरमा झिम नदीको बाँध फुटेर बाढी पसेको गाउँपालिका अध्यक्ष राजकुमार महतोले बताए।

# जनमत पार्टी एनजीओ रहेको भन्दै सामूहिक परित्याग

**टुडे समाचारदाता**



जलेश्वर। सत्तारुढ जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफूहरुलाई अपमानजन्य व्यवहार गरेको भन्दै आफ्नो स्वाभिमानको रक्षाका लागि जनमत पार्टी परित्याग गरेका छन्।

केही साता अघि जलेश्वरमा कार्यकर्तालाई प्रशिक्षण दिने क्रममा केही नेता तथा कार्यकर्तालाई कारबाही गरेको घोषणा गरेको थियो। सोही आवेशमा आएर महोत्तरीको जलेश्वरमा दर्जनौं नेता तथा कार्यकर्ताहरुले अध्यक्ष राउतमाथि विभिन्न आरोप लगाउँदै पार्टी परित्यागको घोषणा गरेका छन्।

अध्यक्ष राउतले आफ्नै नेता तथा कार्यकर्ताहरुमाथि अपशव्द प्रयोग गर्दै पार्टी कब्जा गर्न खोजेको भन्दै तथानाम बोल्दै अपमानजनक शब्द प्रयोग गरी स्पष्टीकरण समेत माग गरेको भन्दै आफ्नो स्वाभिमान रक्षाका लागि राजीनामा दिएको कार्यकारिणी सदस्य संजय स्वराजीले बताए। आफूहरुले सामूहिक रुपमा राजीनामा दिएको जनमत पार्टीका कार्यकारिणी समिति सदस्य संजय स्वराजीले जनमत पार्टी पार्टी नभइ एनजीओ रहेकाले आफूहरुले स्पष्टीकरणको औचित्य नै नरहेको स्पष्ट गरेका छन्।

कार्यकारिणी सदस्य संजय स्वराजीले जनमत पार्टी एनजीओ रहेको भन्दै अध्यक्ष राउतले डिक्टेटरसीप लगाउँदै एनजीओकरणमार्फत आफूहरुलाई स्टाफको रुपमा निर्देशन दिने गरेको आरोप लगाए।

अध्यक्ष राउत पार्टी गठन गर्ने क्रममा लगाएको लगानी जति नै आफ्नो लगानीसमेत रहेको दाबी गर्दै उनले भने, ' पार्टी गठनमा आफूहरुको समेत भूमिका महत्वपूर्ण रहँदा पनि अध्यक्ष राउत मालिकको रुपमा प्रस्तुत भइ आफूहरुमाथि शासन गर्न खोज्दा आफूहरुलाई दासत्व स्वीकार नगरी राजीनामा दिनु नै उचित सम्झेका हौं।'

उनले नेता तथा कार्यकर्ताले विभिन्न कुरामा आफ्नो टिप्पणी तथा गुनासा राख्न खोज्दा नेता तथा कार्यकर्ताले दिएको सल्लाह तथा सुझावलाई बेवास्ता गर्दै तथानाम अपमानजनक गर्दै स्पष्टीकरण सोधेपछि आफूहरु बाध्यतावश पार्टीबाट अलग हुनुको विकल्प रोजेको प्रस्ट्याए।

उनले महोत्तरीका जिल्ला अध्यक्षको मनोमानी तथा केन्द्रीय अध्यक्ष राउतका केही आसेपासेहरुको पार्टीमा मनोमानीसहित हैकमवादी प्रवृत्ति रहेको र संकीर्ण सोचलाई लिएर अघि बढ्न सक्ने आफूहरुको अवस्था नरहेको समेत बताए।

उनले भने, 'जनमत पार्टी एनजीओ हो, यहाँ अध्यक्ष राउतको एस मैन भएर आशीर्वाद थाप्नुपर्छ, अनि मात्रै पार्टीमा बस्न मिल्छ।'

त्यस्तै केन्द्रीय सदस्य इन्द्रप्रसाद सिंह, कोमल यादव, दीपेन्द्र मधेशी र मसुधन महतोलगायतकाले जनमत पार्टीका अध्यक्ष राउतको अपमानजनक बोलीको कारण पार्टीमा बस्नुको औचित्य समाप्त भएको बताए। उनीहरुले पार्टी परिवारवादमा लागेको, वैदेशिक रोजगारीमा रहेका युवाहरुले दिएको चन्दाबाट अध्यक्ष राउतले जनकपुरधाम तथा काठमाण्डौमा घरसमेत किनेको र युवाहरुलाई झुक्याइरहेको तथा मधेशमा पार्टीको नाममा एनजीओ संचालन गरिरहेको आरोप लगाए। उनीहरुले राजनितिक ज्ञान नभएका र पार्टी अध्यक्षको 'एसमैन' भएकाहरुलाई मात्र सो पार्टीमा स्थान दिने गरेको आरोप लगाए।

जनमत पार्टी परित्याग गर्नेहरुमा कार्यकारिणी सदस्य संजय स्वराजी, केन्द्रीय सदस्यहरु इन्द्र प्रसाद सिंह, कोमल यादव, दीपेन्द्र मधेशी र मसुधन महतो तथा जिल्लास्तरीय नेताहरु सन्तोष यादव, सिंहेश्वर मण्डल, रामजीवन साह, रामआधार भण्डारी, रोशन मधेशी, नरेन्द्र यादव, ई. प्रेमनाथ महतो, ई. रामपदार्थ महतो, हिरेन्द्र साह, बासुदेव यादव, जयचन्द्र ठाकुर, राजिव यादव, शिवशरण यादव, फुलो मण्डल र नीतु साहलगायत दर्जनौं नेता तथा कार्यकर्ताहरुले सामूहिक राजीनामा दिए।

# दुर्घटना न्यूनीकरण गर्न दुर्घटना अभ्यास



**टुडे समाचारदाता**

राजविराज। चाडपर्वमा बढ्ने गरेको सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले बुधबार यहाँ सांकेतिक दुर्घटना मार्फत अभ्यास र उद्धारकला प्रदर्शन गरिएको छ।

जिल्ला विपद् व्यवस्थापन समिति सप्तरीको आयोजना तथा सशस्त्र प्रहरीको संयोजनमा सचेतनाका लागि दुर्घटना अभ्यास र उद्धार कलामार्फत प्रदर्शन गरेको छ।

सांकेतिक दुर्घटना, अभ्यास र उद्धारकला प्रदर्शनमा सशस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरीले संयुक्त रुपमा तालिम प्राप्त सुरक्षाकर्मीहरुले आफ्नो कौशलमार्फत दुर्घटना हुन नदिन अपनाउनु पर्ने सावधानी तथा दुर्घटना भइसकेपछि हुने क्षति न्यूनीकरण गर्न गनुपर्ने कार्यहरुबारे सडकमै दुई घण्टासम्म कार्यक्रम प्रस्तुत गरे।

जिल्लाको राजविराज-कुनौली सडकखण्डमा एउटा बस र ट्रक एक आपसमा ठोकिएर दुर्घटना भएझैं राखेर गरिएको सांकेतिक अभ्यास हेर्न सर्वसाधारणको भीड समेत लागेको थियो।

जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्रातीले सो अभ्यासले सडक सुशासन कायम गर्न र दुर्घटना न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने बताउँदै यात्रुलाई सुरक्षित यात्राको अनुभूति गराउन र चालकलाई सचेत गराउने उद्देश्यले पनि सडकमै प्रदर्शन गरी सचेतनामूलक कार्यक्रम गरिएको बताए।

सो अवसरमा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, सशस्त्र प्रहरी उपरीक्षक ज्ञानमणी पौडेल, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता ढुण्डीराज नेउपाने, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, रेडक्रस सोसाईटी शाखा सप्तरीका सभापति जोगेन्द्र भगतका साथै ठूलो संख्यामा चालक, सहचालक र सर्वसाधारणको उपस्थिति रहेको थियो।

# स्रोत नखुलेको ११ लाख बढी रकमसहित एक जना पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीमा स्रोत नखुलेको रकमसहित एक जनालाई प्रहरीले पक्राउ गरेका छन्।

जिल्लाको मनराशिसवाबाट स्रोत नखुलेको ११ लाख ८१ हजार ३ सय रकमसँगै सम्सी-६ का ४२ वर्षीय शेष हसमतलाई जिल्ला प्रहरी कार्यालय महोत्तरीले पक्राउ गरेका छन्।

मनराशिसवा-६ स्थित भोल्ही चोकमा प्रहरी टोलीले शंका लागेपछि चेकजाँच गर्दा प्र ०२-००५ प ५९९५ नम्बरको मोटरसाइकलमा सवार हसमतको शरीर खानतलास गर्दा रकम फेला परेको महोत्तरी प्रहरीका प्रवक्ता तथा डीएसपी सन्तुलालप्रसाद जैसवारले जानकारी दिए।

फेला पारिएको रकममा १ हजारका १ सय १ थान, ५ सयका ३ सय थान, १ सयका ३ सय १ थान, ५० का ५ वटा नोट रहेको र अन्य भारतीय रुपैयाँ रहेको जैसवालले बताए।

पक्राउ परेका हसमतलाई हुण्डी कारोबार मुद्दामा महोत्तरी जिल्ला अदालतबाट म्याद थप गरी कारबाहीको प्रक्रिया अघि बढाएको उनले बताए।

# बाढी प्रभावित क्षेत्रको अनुगमन

**टुडे समाचारदाता**

रौतहट। रौतहटको राजदेवी नगरपालिकाले पालिकामा बाढीबाट



प्रभावितको घरमा पुग्दै क्षति संकलन कार्य थालेको छ।

असोज १२ गते आएको बाढी र डुबानले पालिकाको ९ वटै वडामा क्षति पुगेको प्रारम्भिक अनुमान गरिए अनुसार क्षतिपूर्ति गर्ने उदेश्यले पीडितहरूको घर-घरमा जनप्रतिनिधि, कर्मचारी, स्वास्थकर्मी, कृषि तथा पशु प्राविधिक एवं नगर प्रहरीको टोलीले अनगुमन गर्दै तथ्यांक संकलन गरिरहेको मेयर भिखारी यादवले जानकारी दिए।

तत्काल राहतका लागि प्राथमिक उपचार र सहायता प्रदान गरेको छ भने राहत तथा क्षतिपूर्ति सम्बन्धी विस्तृत जानकारीका लागि तथ्यांक संकलन प्रक्रिया पूरा भएपछि मात्र उपलब्ध गराइने मेयर यादवले बताए।

बाढीका कारण फैलिन सक्ने महामारी तथा स्वास्थ्य समस्याको निवारणका लागि दुईवटा उद्धार तथा राहत कार्य टोली गठन समेत परिचालन गरिएको प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले बताए। प्रमुख प्रशासकीय अधिकृत कायस्थका अनुसार सो टोलीले पीडितहरूको स्वास्थ्य अवस्था, क्षति, र आवश्यकताहरूको विवरण संकलन गरिरहेको छ। सो अनुगमन पश्चात प्राप्त विवरण अनुसार राहत, सहयोग र क्षतिपूर्ति प्रदान गरिने उनले बताए।

यता बाढीका कारण नदीको कटान भएको स्थलको अवलोकनसहित कार्य अघि बढाइएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८